सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ कात्तिक २०८२, शनिबार (8 Nov 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रास्वपाको राजनीतिक नक्सा

जेन-जी आन्दोलन पुराना दलको शासकीय अनैतिकता र अक्षमताको परिणाम, अन्तरिम सरकार संवैधानिक र राजनीतिक बाध्यता, निर्वाचन नै निकास



चितवनको सौराहामा शुक्रबारदेखि सुरु केन्द्रीय समितिको विस्तारित बैठक

केन्द्रीय समितिको विस्तारित बैठकमा कार्यवाहक सभापति डोलप्रसाद अर्यालले पेस गरेको राजनीतिक प्रतिवेदनका प्रमुख विषय

■ **यसकारण जेन-जी आन्दोलन** : जेन-जी आन्दोलनको मुख्य कारक पुराना दलका हर्कत र जनविरोधी गतिविधि हुन् र आधारचाहिँ तिनैमार्फत सिर्जित दलीय सिन्डिकेट, राज्य दोहन र भ्रष्टाचार/कुशासन नै हो ।

■ **चुनाव नै निकास** : घोषित मितिमा अन्तरिम सरकारले गर्ने निर्वाचन नै 'डिरेल' भएको संविधानलाई लिकमा ल्याउने वैध, सरल र सहज बाटो हो ।

■ **संसद् पुनर्स्थापनाको बाटो गलत** : कथं संसद् पुनर्स्थापना भयो भने फेरि पुगिने त्यहाँ नै हो । जुन संसद्ले सरकार त देला, तर जेन-जी आन्दोलनको म्यान्डेट र जनभावनाअनुसार निकास दिन सक्दैन । यो तथ्यलाई संसद् पुनर्स्थापनाको पक्षमा रहेका दलहरूले गम्भीर रूपमा मनन गर्नैपर्छ ।

■ **रास्वपाका एजेन्डा नै राष्ट्रिय एजेन्डा** : लोकप्रियताका लागि होइन, राजनीतिको दिशा र दशा बदल्न हामीले जुन-जुन एजेन्डा/मुद्दाको पैरवी गरेका थियौँ, आज तिनै राष्ट्रिय राजनीतिका मुख्य एजेन्डा बनेका छन् । स्थिर शासनका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी, सुधारिएको निर्वाचन प्रणाली, प्रदेश तहको पुनर्संरचना, भ्रष्टाचारविरुद्ध निर्मम कारबाही आज सबैको साझा एजेन्डा बनेका छन् ।



■ **दोषीलाई कारबाही तत्कालीन कार्यभार** : स्कुले विद्यार्थीले ज्यान गुमाउनुपरेको दुःखमा होइन, आफ्नै सुरक्षाको चिन्तामा केपी ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिनुभएको थियो । हामी अत्यन्तै प्रस्ट रूपमा भन्छौं- २३ गते राज्यशक्तिको दुरुपयोगमा जनहत्या भएकै कारण २४ गतेका घटना भएका हुन् । तर, दुवै दिनका घटनाको निष्पक्ष छानबिन गरी अपराध र संलग्नताको आधारमा दोषीलाई कारबाही गर्नुपर्छ । सुरुवात २३ गते नरसंहार गर्नेबाट हुनुपर्छ ।

■ **सरकारप्रति शंका र सर्त** : नागरिक सरकारलाई हाम्रो समर्थन निसर्त एवं अनन्तकालीन हुन भने सक्दैन । मुद्दा र कार्यशैलीका आधारमा सरकारलाई समर्थन हुन्छ ।

■ **वैकल्पिक शक्तिको संयोजन अनिवार्य** : साझा एजेन्डा, स्वच्छ छवि र परिवर्तनप्रतिको दृढसंकल्पका साथ वैकल्पिक शक्तिहरू सकेसम्म एउटै पार्टी भएर, नसके पनि एउटै चुनाव चिह्न लिएर मैदानमा उत्रिए मात्र पुराना दलहरूको विरासतलाई चुनौती दिन र जनताको विश्वास जित्न सम्भव हुनेछ ।

■ चुनावी नारा- **सुधार : सोचदेखि शासनसम्म** : यो नाराले नागरिकको सोचाइ परिवर्तनदेखि शासन-सत्ताको सुधारसम्मलाई एकीकृत गर्छ । हामीलाई समग्र राजनीतिक, सामाजिक र प्रशासनिक प्रणालीमा सतही सुधार वा टुक्रे परिवर्तन होइन, आमूल परिवर्तन चाहिएको छ ।

■ **नेतृत्वको प्रतिरक्षा** : सभापति र उहाँका मुद्दालाई जोडेर पार्टीप्रति गरिँदै आएको कुप्रचार हामीमाथिको समग्र षड्यन्त्रकै अंश हो भन्नेमा हामी सचेत छौं ।

■ **नेताहरू स्थापित गर्ने समय** : हामी पुराना पार्टीहरूजस्तो पूरै भत्काएर नयाँ 'रिफर्म' गर्नुपर्ने अवस्थामा छैनौं । हामी त पार्टी निर्माणकै क्रममा छौं । चौतर्फी रूपमा योजनाबद्ध तरिकाले मूलमूल नेतृत्वमा प्रहार गरी पार्टीलाई नै सकाइदिने योजनालाई बुझ्न सकेनौं भने हामीले पनि हाछौं र जनतालाई पनि हराउँछौं । त्यसैले अहिले नेतृत्वहरूलाई विस्थापति होइन, स्थापित गर्ने समय हो ।

■ **चुनावले महाधिवेशन प्रभावित** : अप्रत्याशित राजनीतिक परिस्थितिका कारण फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्नुपर्ने बाध्यता आइलागेको छ । निर्वाचनकेन्द्रित अभियानमा जुट्नुपर्ने भएकाले तोकिएको मितिमा महाधिवेशन असम्भवजस्तै देखिएको छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जेन-जी आन्दोलन पुराना दलहरूको शासकीय अनैतिकता, दम्भ र अक्षमताको परिणाम रहेको निष्कर्ष निकालेको छ । साथै, अन्तरिम सरकार संवैधानिक र राजनीतिक बाध्यता भएको र आगामी निर्वाचन नै स्थायित्व र समाधानको एक मात्र बाटो भएको रास्वपाको निष्कर्ष छ ।

शुक्रबारदेखि चितवनको सौराहामा सुरु केन्द्रीय समितिको विस्तारित बैठकमा कार्यवाहक सभापति डिपी अर्यालले राजनीतिक प्रतिवेदन पेस गरेका थिए । जसमा जेन-जीमार्फत आमनागरिकको असन्तोष प्रस्फुटन भएको उल्लेख छ । पाँच सयभन्दा धेरै प्रतिनिधिको उपस्थितिमा सुरु बैठकले पार्टीलाई जनस्तरमा थप विस्तार र सुदृढ बनाउन केन्द्रीय समितिलाई सुझाव दिनेछ ।


प्रतिनिधिसभाको २१ फागुनमा तोकिएको चुनावको रणनीति बनाउन र पार्टीको ४० महिने

» पृष्ठ २ मा क्रमशः

■ एमाले ११औँ महाधिवेशन

ओलीलाई टक्कर दिन विद्या समूहबाट ईश्वरलाई अघि सारिँदै

मुख्य प्रतिस्पर्धीका रूपमा देखेर अध्यक्ष केपी ओलीले सदस्यता नवीकरणमा अवरोध गरेपछि पूर्वराष्ट्रपति विद्या भण्डारी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई अध्यक्षको उम्मेदवार बनाउने निष्कर्षमा



● **अष्टलक्ष्मी शाक्य**, उपाध्यक्ष

उहाँ (ईश्वर पोखरेल)ले आन्तरिक तयारी गरिरहनुभएको छ, भेटघाट पनि गरिरहनुभएकै छ । हामीले पनि तपाईं संगठक हो र कोअर्डिनेसन केन्द्रदेखि नै काम गरेर पार्टीमा योगदान पुऱ्याएको एक मात्र नेता भएकाले पछि नहट्नुस् भनेका छौं । अहिले महाधिवेशनको प्रारम्भिक तयारी मात्र सुरु भएकाले पनि उहाँले औपचारिक रूपमा नेतृत्व लिने कुरा सार्वजनिक नगर्नुभएको हो ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले सदस्यता नवीकरण रोक्दै सक्रिय राजनीति गर्ने बाटो बन्द गरेपछि पूर्वराष्ट्रपति विद्या भण्डारी आगामी ११औँ राष्ट्रिय महाधिवेशनमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई अगाडि सार्ने निष्कर्षमा पुगेकी छिन् । अध्यक्ष ओलीले आफूलाई मुख्य प्रतिस्पर्धी ठानेर सदस्यता नवीकरणमा अवरोध गरेको मानेकी भण्डारीले पोखरेललाई अध्यक्षको

विद्या समूहबाट को-को होलान् उम्मेदवार ?

» पृष्ठ २ मा क्रमशः

विद्या समूहको शक्ति

१३ मंसिरमा एकैदिन महाधिवेशन प्रतिनिधि छनोट हुँदै छन् । करिब १७ सयआसपास प्रतिनिधि चुनावी प्रक्रियाबाट छानिनेछन् भने चार सयआसपास प्रतिनिधि पदेन सदस्यका रूपमा सहभागी हुनेछन् । भण्डारी समूहका प्रतिनिधि कति आउनेछन् भन्ने निश्चित छैन । केन्द्रीय कमिटीको पछिल्लो बैठकमा ३५४ मध्ये ५० आसपास नेता पूर्वराष्ट्रपति भण्डारीको पक्षमा खुलेका थिए । कतिपय तटस्थ र मौन रहेकाले पनि भण्डारीको पक्षमा एकतिहाइआसपास केन्द्रीय सदस्य रहेको उनको समूहले दाबी गर्दै आएको छ ।

विद्यानिकट नेताहरूलाई ओलीको चेतावनी



● पार्टीमा पुनर्गठन चाहियो भनेर केही साथी धेरै कराए, अनुशासनहीन ढंगले उपद्रो मच्चाएपछि एक वर्षपछिको महाधिवेशनलाई ठिकै छ भनेर एक वर्षअघि नै सारियो । कसले काम गरेको छ-छैन, लडेको छ-छैन कार्यकर्ताले फैसला गर्दै छन् । तैपनि साँझका जुनकिरीझैं च्याइँच्याइँ गर्नेले मिडियामा गएर जे पायो त्यही बोलिरहेका छन् । पार्टीले संसद् पुनर्स्थापनाको पक्षमा उभिँदै प्रतिक्रियावादविरुद्ध लड्नुपर्ने समयमा केपी ओली राजीनामा दे भनिरहेका छन्, यो आज मात्रै भनेको हो र ?

● अध्यक्ष अलि लचिलो हुँदा पो हुन्थ्यो कि भनेर साथीहरूले सुझाव दिनुभयो । छाती फराकिलो पार्नुपर्ने राम्रो सुझाव हो । मेरो छाती देख्दा सानो लाग्ला, तर नाप्दा धेरै ठुलो छ । ०७७ सालमा मलाई पार्टीबाट निकाल्ने साथीहरूलाई ल्याएर उपाध्यक्ष बनाएँ, पार्टी अगाडि बढाएँ । तर, उनीहरूले करौंते सिक्ने भनेको अन्तका लागि होइन, मेरै टाउकोमा हान्नका लागि रहेछ । अभ्यास नै त्यही भयो । जसले निकाले, त्यसैलाई मैले उपाध्यक्ष र सचिव बनाएँ, नत्र कहाँबाट आउँथे ?

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले आसन्न एघारौँ महाधिवेशनलाई चुनौती दिने गरी समानान्तर गतिविधि सञ्चालन गर्नेमाथि कारबाही हुने चेतावनी दिएका छन् । आफू अत्यन्तै लचिलो र सहनशील भए पनि पार्टी सिध्याउन खोजे कडा जवाफ दिन बाध्य हुने ओलीको चेतावनी छ ।

अनुशासनका नाममा इतर समूहका नेतामाथि दबाब बनाएर ओलीले सर्वसम्मत नेतृत्व कब्जा गर्ने सन्देश प्रवाह गरेका छन् ।

पूर्वराष्ट्रपति विद्या भण्डारीको समर्थनमा आफूलाई चुनौती दिन खोजिरहेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली

» पृष्ठ २ मा क्रमशः

सरकारी प्रेसबाटै छाप्न थालियो सवारी लाइसेन्स

६ महिनामा १२ लाख छापिने




शुक्रबार लाइसेन्स छपाइ कार्यको शुभारम्भ गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले भने-

३० लाख लाइसेन्स नछापिएकोमा हामीसँग मेसिन छ, छाप्न सक्ने क्षमता पनि छ भने किन अघि नबढ्ने भनेर मन्त्रालय र केन्द्रको टिमको पहलमा यो हिम्मत गरेका हौं ।

सुवास भट्ट/नयाँ पत्रिका

काभ्रेपलाञ्चोकको पनौतीमा रहेको सुरक्षण मुद्रण केन्द्रले 'हाइस्पिड प्रिन्टङ मेसिन'बाट सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छपाइको सुरुवात गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले शुक्रबार लाइसेन्स प्रिन्ट गर्ने मेसिनको

» पृष्ठ २ मा क्रमशः



काभ्रेको पनौतीमा रहेको सुरक्षण मुद्रण केन्द्रमा 'हाइस्पिड प्रिन्टङ मेसिन'बाट सवारीचालक अनुमतिपत्र छपाइको सुरुवात गरिँदै । तस्बिर : **संजीव योञ्जन**/नयाँ पत्रिका

नागरिकतादेखि पासपोर्टसम्म सुरक्षण मुद्रणबाटै छाप्ने तयारी

लाइसेन्स छपाइको काम अघि बढेसँगै सुरक्षण मुद्रण केन्द्रले नागरिकतादेखि पासपोर्ट छाप्नेसम्मको तयारी अघि बढाएको छ । केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानाले भने, 'आजकै मितिमा हामी नागरिकता, अन्तःशुल्क स्टिकर, हुलाक टिकट, लालपुर्जा र भिसा स्टिकर प्रिन्ट गर्न सक्षम छौं,' उनले भने, 'ती कागजात छपाइका लागि सम्बन्धित निकायसँग समन्वय गरिरहेका छौं । आवश्यक अतिरिक्त प्रणाली जडान गरेर एक वर्षभित्रमा कार्डमा आधारित छपाइ पनि सुरु गर्छौं ।' सरकारी, सार्वजनिक हुँदै निजी क्षेत्रका छपाइका कामसमेत गर्ने गरी योजना बनाएको निर्देशक ढुंगानाले जानकारी दिए ।

झ्ण्याँ

मिथिला चित्रकला
जसले चिनाउँछ मधेशलाई



मिथिला चित्रकला केवल कला मात्र होइन, मधेशको जीवित सांस्कृतिक दस्तावेज पनि हो

पहिचानभित्र लुकेको पीडा



● टीकाराम भुसाल
अधिकारकर्मी

पुँजीवादको राजधानीमा
समाजवादी कमान्डर




अमेरिकाको सबैभन्दा ठुलो तथा सम्पन्न सहर न्युयोर्क सिटीमा एकजना ३४ वर्षीय युवा, मुस्लिम र समाजवादी बताउने नेताले मेयर निर्वाचन जिते, कसरी ?

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जेन-जी आन्दोलनपछि बढ्दै मानसिक समस्या

स्वास्थ्य मन्त्रालयको निर्देशनपछि सबै संघीय अस्पतालमा काउन्सिलिङ डेस्क



● **डा. सुधा शर्मा**, स्वास्थ्यमन्त्री

जेन-जी आन्दोलनबाट प्रभावित सबै किसिमका व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा आवश्यक छ, सोहीअनुसार परामर्श कक्ष व्यवस्थापन गर्ने निर्णय भयो, यसबारे विज्ञहरूबाट थप गृहकार्य हुन्छ । देशको वर्तमान परिस्थिति हेरेर मैले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेकी छु, यो चुनौतीको रूपमा देखापर्न थालेको छ, मानसिक अवस्थाको पत्ता लगाएर यसमा थप गृहकार्य गर्नेछु ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि मानसिक स्वास्थ्य समस्यासम्बन्धी बिरामी बढेका छन् । चिकित्सकहरूका अनुसार आन्दोलनको त्रास र तनावपछि मानसिक स्वास्थ्यसम्बन्धी बिरामी बढेका हुन् । आन्दोलनपछि मानसिक अस्पताल पाटन तथा अन्य जनरल अस्पतालमा परामर्श लिनेको संख्यासमेत बढेको छ । स्वास्थ्य सेवा विभाग, मानसिक स्वास्थ्य शाखा प्रमुख फणीन्द्र बरालले विभागले जेन-जी आन्दोलन र प्रत्यक्ष असर परेका व्यक्ति र परिवारलाई काउन्सिलिङ तथा परामर्श सेवाप्रवाह गरिरहेको बताए ।

स्वास्थ्य मन्त्रालयले गत सोमबार सबै संघीय अस्पताललाई साइको सोसियल काउन्सिलिङको हेल्प डेस्क राख्न निर्देशन दिएको थियो । त्यसलगत्तै हेल्प डेस्क स्थापना भएको छ । स्वास्थ्यमन्त्री डा. सुधा शर्मा गौतमले यो

» पृष्ठ २ मा क्रमशः

■ आन्दोलनपछि मानसिक अस्पताल पाटनमा काउन्सिलिङका लागि आउनेहरू बढे



पाटन मानसिक अस्पतालभित्र बालबालिका तथा किशोर-किशोरी एकाइ छ । त्यहाँ पनि जेन-जी आन्दोलनपछि आउने बालबालिकाको संख्या बढेको छ । अभिभावकले परामर्शका लागि दैनिक २० जनाभन्दा बढी बालबालिका ल्याउने गरेका छन् । उनीहरूमा तनाव र एन्जाइटी देखिएको अस्पतालले जनाएको छ । अस्पतालका निर्देशक तथा मानसिक रोग विशेषज्ञ डा. सुरज तिवारीका अनुसार आन्दोलनमा भएको विध्वंसका घटनाका कारण देशमा केही नहोला कि भन्ने सोचले कतिपय युवाहरू मानसिक रूपमा विक्षिप्त बनेको देखिन्छ । कतिपयका परिवारका आफन्तको मृत्यु र घाइते भएपछि त्यही पीडाले उनीहरूमा मानसिक समस्यासमेत देखिन थालेको छ ।

आन्दोलनको भय र त्रासले कतिपयमा मानसिक समस्या देखिने गरेको छ



● **डा. सुरज तिवारी**
निर्देशक, मानसिक अस्पताल लगनखेल

मैले उपचार गरेका कतिपय बिरामीमा जेन-जी आन्दोलनको नकारात्मक असर परेको देखिन्छ । उहाँहरू जेन-जी आन्दोलनको नाम लिनुहुन्छ, त्यसको भय र त्रासले पनि उहाँहरूमा मानसिक समस्या देखिने गरेको छ । अझ कतिपय बालबालिका पनि मानसिक स्वास्थ्य समस्या बोकेर आउनुहुन्छ । अस्पतालको सम्पर्कमै नआएका घरैे हुन सक्छन् । घरघरमा समेत मानसिक स्वास्थ्य समस्याका बिरामी बढेका छन् ।

यसअघि फरक किसिमका समस्या भएका बिरामी आउने गरेका थिए । हिजोआज जेन-जी आन्दोलनपछि देखिएको अवस्थाको चित्रण गर्दै बिरामी आउँछन्, उनीहरू एकोहोरो देखिन्छन्, यो वेला मानसिक स्वास्थ्यको समस्या बढ्छ, त्यसकारण सतर्क हुनुपर्छ । कोही निराश वा एक्लो छ भने उसलाई सहयोग गर्नुपर्छ । कसैमा तनाव छ भने तनाव व्यवस्थापनका उपाय अपनाउने, समाधान खोज्ने, बालबालिकालाई अभिभावकले राम्ररी हेरविचार गर्ने गर्नुपर्छ ।

रास्वपाको...

पृष्ठ १ बाट क्रमशः

यात्राको समीक्षासहित राजनीतिक/सांगठनिक कार्यदिशालाई थप दिशानिर्देश गर्न रास्वपाले बैठक आह्वान गरेको हो । राजनीतिक प्रतिवेदनमार्फत अर्यालले संगठनात्मक समीक्षासहित पुनर्संरचना र सुदृढीकरणमा जोड दिएका छन् । पार्टीलाई ग्रासरुटसम्म पुऱ्याउने र पुगिसकेको ठाउँमा सुदृढ र गतिशील बनाउने रणनीति तय गर्नुपर्ने उनको प्रस्ताव छ । 'जनपक्षीय एजेन्डा कार्यान्वयन गर्न शासनसत्तामा पार्टीको निर्णायक उपस्थिति हुनैपर्छ । त्यसका लागि चुनावी परिणाम अनिवार्य सर्त हो,' प्रतिवेदनमा छ, 'यो बैठकले चुनावी नीति, योजना र कार्यक्रम पनि बनाउनुपर्नेछ । यसैगरी पार्टीका आन्तरिक नीतिहरू, राष्ट्रिय मुद्दाहरूमा लिनुपर्ने दृष्टिकोण र राख्नुपर्ने धारणा एवं आगामी दिनमा लिने प्रमुख कार्यदिशा तय गर्नुपर्नेछ ।' रास्वपाले संविधान संशोधनका लागि अविलम्ब सुझाव कार्यदल गठन गर्न माग गरेको छ ।

बैठकमा महामन्त्री कवीन्द्र बुर्लाकोटीले पार्टीको संगठनात्मक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा पार्टीको कुल सदस्य संख्या दुई लाख ४१ हजार ७९९ रहेको उल्लेख छ । भेरिफाई (प्रमाणित) भएको कुल सदस्य संख्या एक लाख ७३ हजार ५९ छ ।

जेन–जी आन्दोलनपछि...

पृष्ठ १ बाट क्रमशः

वेला मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखिएको बताइन् । 'जेन-जी आन्दोलनबाट प्रभावित सबै किसिमका व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा आवश्यक छ, सोहीअनुसार परामर्श कक्ष व्यवस्थापन गर्ने निर्णय भयो, यसबारे विज्ञहरूबाट थप गृहकार्य हुन्छ,' उनले भनिन्, 'देशको वर्तमान परिस्थिति हेरेर मैले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेकी छु, यो चुनौतीको रूपमा देखापर्न थालेको छ, मानसिक अवस्थाको पत्ता लगाएर यसमा थप गृहकार्य गर्नेछु ।'

मानसिक अस्पताल पाटनका निर्देशक तथा मानसिक रोग विशेषज्ञ डा. सुरज तिवारीका अनुसार दैनिक डेढ सयको संख्यामा मानसिक स्वास्थ्यका समस्या लिएर बिरामी आउने गरेका छन् । त्यसमध्ये अधिकांश एनजाइटी र साइकोसिसका छन् । 'मैले उपचार गरेका कतिपय बिरामीमा जेन-जी आन्दोलनको नकारात्मक असर परेको देखिन्छ । उहाँहरू जेन-जी आन्दोलनको नाम लिनुहुन्छ, त्यसको भय र त्रासले पनि उहाँहरूमा मानसिक समस्या देखिने गरेको छ, अझ कतिपय बालबालिका पनि मानसिक स्वास्थ्य समस्या बोकेर आउनुहुन्छ,' उनले भने, 'अस्पतालको सम्पर्कमै नआएका धेरै हुन सक्छन् । घरघरमा समेत मानसिक स्वास्थ्य समस्याका बिरामी बढेका छन् । अन्य थुप्रै स्वास्थ्य संस्थामा पनि मानसिक स्वास्थ्यसम्बन्धी बिरामी बढेको सुनेको छु ।'

तिवारीका अनुसार आन्दोलनमा भएको विध्वंशका घटनाका कारण देशमा केही नहोला कि भन्ने सोचले कतिपय युवाहरू मानसिक रूपमा विक्षिप्त बनेको देखिन्छ । कतिपयका परिवारका आफन्तको मृत्यु र घाइते भएपछि त्यही पीडाले उनीहरूमा मानसिक समस्यासमेत देखिन थालेको छ । अझ आन्दोलनमा प्रदर्शनकारीले प्रहरीको बन्दुक खोस्नेदेखि लुटपाटजन्य अपराध गरेका दृश्यले बालबालिकाहरूमा समेत असर पारेको उनको भनाइ छ ।

डा. तिवारीका अनुसार हाल कारागारबाट भागेका कैदीबन्दीका कारण पनि समाजमा तनाव र त्रास बढेको छ । यसले पनि मानसिक समस्या बढाउन मद्दत गरेको उनको भनाइ छ । 'यसअघि फरक किसिमका समस्या भएका बिरामी आउने गरेका थिए । हिजोआज जेन-जी आन्दोलनपछि देखिएको अवस्थाको चित्रण गर्दै बिरामी आउँछन्, उनीहरू एकोहोरो देखिन्छन्, यो वेला मानसिक स्वास्थ्यको समस्या बढ्छ, त्यसकारण सतर्क हुनुपर्छ । कोही निराश वा एक्लो छ भने उसलाई सहयोग गर्नुपर्छ,' उनले भने, 'कसैमा तनाव छ भने तनाव व्यवस्थापनका उपाय अपनाउने, समाधान खोज्ने, बालबालिकालाई अभिभावकले राम्ररी हेरविचार गर्ने गर्नुपर्छ ।'

ओलीलाई टक्कर...

पृष्ठ १ बाट क्रमशः

उम्मेदवार बनाउन थालेकी हुन् । आगामी २७-२९ मंसिरमा काठमाडौंमा एमाले महाधिवेशन हुँदै छ ।

पाँच दिनअघि निवासमा भेटेका पोखरेललाई उनले ओलीलाई टक्कर दिने गरी तयारी गर्न सुझाव दिएकी थिइन् । एमालेका एक पदाधिकारीका अनुसार भण्डारीले पोखरेललाई अध्यक्ष पदका लागि तयारी गर्न सुझाउँदै आफ्नोतर्फबाट पूर्ण सहयोग गर्ने आश्वासनसमेत दिएकी छिन् । उनका अनुसार १५ कात्तिकको केन्द्रीय सचिवालय बैठकपछि ओलीसँग भएको टेलिफोन संवाद सकारात्मक नदेखिएपछि भण्डारीले वैकल्पिक गृहकार्य थालेकी हुन् ।

'अध्यक्ष र पूर्वराष्ट्रपतिबिचको पछिल्लो टेलिफोन संवाद सकारात्मक बनेन । अध्यक्षले ११औँ महाधिवेशनमा नेतृत्वमा सहयोग गर्न अनुरोध गर्नुभएछ । बरु, महाधिवेशनपछि पार्टी नेतृत्व हस्तान्तरण गर्ने या मुलुकको कार्यकारी प्रमुख बनाउने प्रस्ताव राखेको बुझिन्छ,' भण्डारीसँग संवादमा रहेका एमालेका ती पदाधिकारीले नयाँ पत्रिकासँग भने, 'अहिले नेतृत्वबाट हट्दा आफूमाथिको घेराबन्दी झन् बढ्छ भन्ने विषय अध्यक्षबाट आएछ । यही परिवेशमा पूर्वराष्ट्रपतिले वरिष्ठ उपाध्यक्षलाई सबै विषय अवगत गराएर तयारीमा लाग्न सुझाउनुभएको छ ।' ती नेताका अनुसार भण्डारीसँगको टेलिफोन संवादमा ओलीले अहिले नेतृत्वबाट हट्दा पार्टी र आन्दोलनमाथि नै प्रश्नचिह्न आउन सक्ने दाबी गरेका थिए ।

केन्द्रीय संगठन विभागले गरेको नवीकरणलाई ओलीले केन्द्रीय कमिटीको बलमा मान्यता दिन रोकेपछि विद्या उनीसँग असन्तुष्ट छिन् । २२ भदौमा सम्पन्न विधान महाधिवेशन हुँदै ३१ असोजमा सम्पन्न केन्द्रीय कमिटी र १५ कात्तिकमा सम्पन्न केन्द्रीय सचिवालय बैठकसम्म पनि सदस्यता नवीकरणको सवाल उठ्दै आएको छ । तर, पछिल्लो बैठकमा ओलीले केन्द्रीय कमिटी बैठकले गरेको निर्णयमाथि अन्यथा निर्णय गरेर उल्ट्याउन नसकिने बताएर 'च्याप्टर क्लोज' गरेका थिए ।

यद्यपि, ओलीले पछिल्लो संकटका कारण भण्डारीसँग भेटवार्ता हुन नपाएकाले सबै विषय भेटेर टुंग्याउने बताएका थिए । उपाध्यक्ष युवराज ज्ञवालीका अनुसार अब बस्ने केन्द्रीय सचिवालय बैठकमा भावी नेतृत्वबारे खुलस्त छलफल गर्ने समझदारीसहित पछिल्लो सचिवालय बैठक टुंगिएको थियो ।

'अबको सचिवालय बैठकमै महाधिवेशनबाट भावी नेतृत्व कस्तो निर्माण गर्ने, कसरी निर्माण गर्ने, को-को बिदा हुनेजस्ता विषयमा छलफल गरौँला भनेर अध्यक्षले भन्नुभएको छ । सम्भवतः अबको बैठकमा भावी नेतृत्वबारे पनि खुलेर कुरा होला । त्यही बैठकबाटै पूर्वराष्ट्रपति भण्डारीको विषय पनि अन्तिम किनारा लाग्दा,' उपाध्यक्ष ज्ञवालीले नयाँ पत्रिकासँग भने ।

संस्थापन इतर पक्षले पनि मदन भण्डारीको ७५औँ जन्मजयन्तीका लागि खोलिएको सम्पर्क कार्यालयमार्फत महाधिवेशनकेन्द्रित गतिविधि सुरु गरेको छ । तर, भण्डारीले साथ रहने वचनसहित पोखरेलाई तयारी गर्न सुझाए पनि वरिष्ठ उपाध्यक्ष पोखरेल सशक्त रूपमा अगाडि बढेका छैनन् । उनलाई उपाध्यक्षहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवालीलगायतले पनि साथ रहने भन्दै तयारीका लागि सुझाव दिँदै आएका छन् । तर, आफूलाई साथ दिन सक्ने पदाधिकारीसहित केन्द्रीय तहका नेताहरूसँग पोखरेलले पर्याप्त गहन परामर्श भने गरिसकेका छैनन् ।

अहिलेसम्म भण्डारी समूहभित्र भेटघाट, समन्वय, नीतिगत विमर्श र अबको बाटोबारे उपाध्यक्ष सुरेन्द्र पाण्डेले नै समग्र नेतृत्व गरिरहेका छन् । बानेश्वरस्थित सम्पर्क कार्यालयबाट नेता कृष्णप्रसाद दाहालले समन्वय तथा संयोजन गरिरहेका छन् ।

पार्टी बैठकमा नेतृत्वबारे बहस र छलफल नगरीकनै बाहिर दाबी गर्दै हिँड्नु उपयुक्त नभएकाले पनि पोखरेलले औपचारिक रूपमा अध्यक्षको उम्मेदवारका रूपमा आफूलाई प्रस्तुत नगरेको कतिपय नेताहरूको बुझाइ छ । अध्यक्ष ओलीले १५ कात्तिकको सचिवालय बैठकमा अब बस्ने सचिवालय बैठकमा नेतृत्व निर्माणका विषयमा केन्द्रित रहेर छलफल गर्ने जानकारी गराएका छन् । त्यसपछि मात्र टिम निर्माण गर्ने गरी नै अगाडि बढ्ने सोचमा पोखरेल रहेको स्रोतको भनाइ छ ।

भण्डारीको पक्षमा खुलेका नेता-कार्यकर्ताहरूसँग अलग्गै भेट्ने, सामूहिक भेला गरेर नेतृत्वमा आफू अगाडि बढ्न लागेको सन्देश पोखरेलले अहिलेसम्म प्रवाह गरेका छैनन् । त्यसैले पनि भण्डारीको पक्षमा खुलेका पदाधिकारीसहितका कतिपय नेताहरूले उनी अन्तिम घडीसम्म अडिन्छन् कि अडिँदैनन्, आशंका नै गरिरहेका छन् । तर, उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले अध्यक्षमा उम्मेदवारी दिने गरी नै पोखरेलले क्रमशः आन्तरिक तयारी गरिरहेको बताइन् ।

'उहाँले आन्तरिक तयारी गरिरहनुभएको छ, भेटघाट पनि गरिरहनुभएकै छ । हामीले पनि तपाईं संगठक हो र कोअर्डिनेसन केन्द्रदेखि नै काम गरेर पार्टीमा योगदान पुऱ्याएको एक मात्र नेता भएकाले पछि नहट्नुस् भनेका छौँ,' शाक्यले नयाँ पत्रिकासँग भनिन्, 'अहिले महाधिवेशनको प्रारम्भिक तयारी मात्र सुरु भएकाले पनि उहाँले औपचारिक रूपमा नेतृत्व लिने कुरा सार्वजनिक नगर्नुभएको हो ।' शाक्यले पार्टी बैठकहरूमा पनि जेन-जी आन्दोलनको भावना सम्बोधनका लागि मार्गप्रशस्त गरेर पोखरेललाई कार्यवाहक दिन उपयुक्त हुने सुझावसमेत दिएकी थिइन् ।

ओलीनिकट कतिपय नेताहरूले भने इतर समूहबाट अध्यक्ष लड्ने योजना बनाए पनि हार निश्चित हुने भएकाले अन्ततः पोखरेलले अहिलेकै वरिष्ठ उपाध्यक्ष पद थमौतीका लागि सम्झौता गर्न सक्ने आकलन गरेका छन् । २२ भदौमा पारित भएको विधानमा ११औँ महाधिवेशनका लागि वरिष्ठ उपाध्यक्ष पद नै राखिएको छैन । तर, दसौँ महाधिवेशनमा जस्तै आवश्यकता पर्दा राष्ट्रिय महाधिवेशनले पनि पदाधिकारीको संख्या र केन्द्रीय कमिटीको संख्या थपघट भने गर्न सक्नेछ ।

विद्या समूहबाट को-को होलान् उम्मेदवार ?

पोखरेलले सशक्त तयारी गरेमा भण्डारी समूहले उनकै नेतृत्वमा टिम बनाउने र त्यो समूहमा ओलीलाई समर्थन गरिरहेका पृथ्वीसुब्बा गुरुङलाई महासचिवमा उठाउने गरी पहिलो प्राथमिकतामा राखेको छ । त्यस्तो अवस्थामा सुरेन्द्र पाण्डेलाई उपाध्यक्षमै दोहोऱ्याउने विकल्पमाथि सामान्य छलफल भएको नेताहरूको भनाइ छ ।

तर, गुरुङले भने पछिल्ला कार्यक्रममा जेन-जी आन्दोलनको प्रतिक्रान्ति भएको र ओलीको विकल्प खोज्नु नेपालको राष्ट्रियता र लोकतन्त्र नै कमजोर पार्नु भएको भन्दै उनलाई नै समर्थन गरिरहेका छन् । गुरुङलाई ओलीले महासचिव उठाउने सम्भावना कमजोर भएकाले पनि इतर समूहको नजर त्यतैतिर छ । किनभने ओलीले पहिलो विकल्पमा शंकर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमालमध्येबाटै महासचिव बनाउने प्रबल सम्भावना हुँदा गुरुङ कार्यकारी पदमा रिङआउट हुन सक्छन् ।

गुरुङ नआएको अवस्थामा भण्डारी समूहले योगेश भट्टराई र गोकर्ण विष्टमध्येबाटै एकलाई महासचिव उठाउने स्रोतको भनाइ छ । त्यस्तै, पोखरेल पनि नअडिए सुरेन्द्र पाण्डेलाई अध्यक्ष उठाएर उनकै नेतृत्वमा भए पनि अलग्गै समूह बनाउने तयारी छ । त्यसो त, आफ्नो समूहबाट प्रतिनिधि संख्या कम आएकै अवस्थामा पनि पाण्डे सबैभन्दा बलियो उम्मेद्वार हुने भण्डारी समूहको मूल्यांकन छ । पाण्डे अध्यक्ष उठ्दा भट्टराई र विष्टमध्येबाटै महासचिव उठाइने र गोकुल बाँस्कोटा, कर्णबहादुर थापालगायतका नेताहरूलाई सचिव उठाउन सकिने स्रोतको भनाइ छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०७/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौतारकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण

१.क) ऋणीः क्लाशिक कुलर उद्योग
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धनगढी-कैलाली, नेपाल
प्रा.फ.नं. : १२८१७,
दर्ता मिती.२०७६/०९/०९
पान नं. ६१२७२५८०३
फर्मको ठेगाना : गोदावरी न.पा.-०२, कैलाली

ख) ऋणी : पंजाब ट्रेडर्स एण्ड सप्लायर्स
दर्ता गर्ने कार्यालय : बाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलाली
प्रा.फ.र.नं. : ३२५८६/०७८/७९
दर्ता मिती.२०७८/०८/२३
पान नं. ६१२७२५८०३
फर्मको ठेगाना : गोदावरी न.पा.-०२, कैलाली

प्रोप्राइटर/जमानतकर्ताको नाम : नर बहादुर कामी
बाबुको नाम : लाल कामी
बाजेको नामः पदमे कामी
ठेगाना : दिपायल सिलगढी-११, डोटी
हाल : गोदावरी-०२, कैलाली
ना.प्र.नं.: ६८-०१-७३-०३६२०, जारी मिति : २०७३/१०/१७
जारी गर्ने कार्यालय : जि.प्र.का., डोटी
कर्जा लिएको शाखा : अत्तरीया, कैलाली

जमानतकर्ताको विवरण

क) नामः कैलाश कामी
बाबुको नाम : लाल कामी
बाजेको नामः पदमे कामी
ठेगाना : दिपायल सिलगढी-११, डोटी
हाल : गोदावरी-०२, कैलाली
ना.प्र.नं.: ६८-०१-७३-०३५८५
जारी गर्ने कार्यालय : जि.प्र.का., डोटी
जारी मिति : २०७३/१०/१३

ख) नामः गणेश कामी
बाबुको नाम : साइले कामी
बाजेको नामः धनवा कामी
ठेगाना : पुर्वीचौकी-०७, डोटी
हाल : गोदावरी-०२, कैलाली
ना.प्र.नं.: ६८-०१-७७-०५७०६,
जारी गर्ने कार्यालय : जि.प्र.का., डोटी
जारी मिति : २०७७/०९/२०

सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय धनगढी कैलालीमा नर बहादुर कामी र कैलाश कामीको संयुक्त नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, मालाखेती-०७, स्थित कि.नं २९१ को क्षेत्रफल ३४० वर्ग मिटर रहेको घर/जग्ग तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण

२) क) ऋणीः सुरज एग्रो सेन्टर
दर्ता गर्ने कार्यालयः वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग कलैया, बारा
प्रा.फ.र.नं : ६६४४/०७५/०७६
दर्ता मिति : २०७५/०४/२२
पान नं. : ६०८१६५६२२
फर्मको ठेगाना : बारागढी-०२, बारा

ख) ऋणी/प्रोप्राइटर/जमानतकर्ताको नाम : ओम प्रकास प्र. जयसवाल
बाबुको नाम : बिश्वनाथ साह कलवार
बाजेको नाम : शिवधारी साह कलवार
ठेगाना : बिसुनपुर्वा-०९, बारा
हालको ठेगाना : बारागढी-०२, बारा
ना.प्र.नं. : १५७०/३३१, जारी मिति : २०४४/०२/२०
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा, कलैया

ग) ऋणी/जमानतकर्ताको नामः रुपशिला देवी
बाबुको नाम : जवाहरलाल साह कलवार
पतिको नाम : ओम प्रकाश प्र. जयसवाल
ससुराको नाम : विश्वनाथ साह कलवार
ठेगाना : बिसुनपुर्वा-०९, बारा
हालको ठेगाना : बारागढी-०२, बारा
ना.प्र. नं. : २०३७/२०७२, जारी मिति : २०५८/१२/२६
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा
कर्जा लिएको शाखा : कोल्हवी, बारा

जमानतकर्ताको विवरण

क) नामः नन्द किशोर प्रसाद जयसवाल
बाबुको नाम : विश्वनाथ साह कलवार
बाजेको नाम : शिवधारी साह कलवार
ठेगाना : बिसुनपुर्वा-०९, बारा
हालको ठेगाना : बारागढी-०२, बारा
ना.प्र. नं.: १६३७२, जारी मिति : २०५५/०४/१४
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा

ख) नामः कुसुम देवी साह कलवार
बाबुको नाम : जोगिन्द्र प्रसाद जयसवाल
पति नामः नन्दकिशोर प्रसाद जयसवाल
ससुराको नामः विश्वनाथ साह कलवार
ठेगाना : बिसुनपुर्वा-०९, बारा
हालको ठेगाना : बारागढी-०२, बारा
ना.प्र.नं. : २०११/२०५१
जारी गर्ने कार्यालय : जि.प्र.का. बारा
जारी मिति : २०५७/१०/१५

सुरक्षणमा रहेको धितोको विवरणः
१) श्री मालपोत कार्यालय वारामा रुपशिला देवीको नाममा दर्ता कायम रहेको बारा जिल्ला, टेढाकट्टी-०५, स्थित कि.नं. ५१७ को क्षेत्रफल ५९२.५८ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय वारामा कुसुम देवी साह कलवारको नाममा दर्ता कायम रहेको बारा जिल्ला, बिसुनपुर्वा -०९, बारा स्थित कि.नं. ९९, १०० र १३३ को क्षेत्रफल क्रमशः २०३.१६, २०३.१६ र २७१.३६ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
३) श्री मालपोत कार्यालय वारामा नन्द किशोर प्रसाद जयसवालको नाममा दर्ता कायम रहेको बारा जिल्ला, बिसुनपुर्वा -०६, स्थित कि.नं. ५६९ को क्षेत्रफल २२०१.०८ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण

३.क) ऋणीः श्रीचन्डीका सप्लायर्स
दर्ता गर्ने कार्यालयः बाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग
प्रा.फ.र. नं. : १९५३३/०७०/७१
पान नं. ६०२०४८९६५
ठेगाना : टीकापुर-०९, कैलाली
कर्जा लिएको शाखा : अत्तरीया, कैलाली

ऋणी/जमानतकर्ताको विवरण

ख) ऋणी/जमानतकर्ता नामः कुँवर श्याम सिंह
बाबुको नाम : कृष्ण बहादुर कुँवर
पत्निको नाम : गीता के.सी.
बाजेको नामः दुलै कुँवर
ठेगाना : जनालिकोट-०३, अछाम
हाल : टीकापुर न.पा.-०१, कैलाली
ना.प्र.नं.: २४४९७, जारी मिति : २०५९/११/२६
जारी गर्ने कार्यालय : जि.प्र.का., अछाम

प्रोप्राइटर/जमानतकर्ताको विवरण

ग) नाम : गीता के.सी.
बाबुको नाम : शेर बहादुर खत्री
पतिको नाम : कुँवर श्याम सिंह
ससुराको नाम : कृष्ण बहादुर कुँवर
ठेगाना : नारायण-०८, दैले, हाल : टीकापुर न.पा.-०१, कैलाली
ना.प्र.नं. :९९०१४/२७९५, जारी मिति :२०५८/०३/०५, जारी गर्ने कार्यालय : जि.प्र.का., दैलेख

सुरक्षण धितोको विवरणः
१) श्री मालपोत कार्यालय धनगढी कैलालीमा गीता के.सी. को नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, मसुरिया-७, स्थित कि.नं २५३, ६९२, ६६२, ६५९, ७१७, ७१८, ७२०, ७२१, ७२३, ६७२, ३२४ र ३२५ को क्षेत्रफल क्रमश २४५.००, ६०.००, ८३६.००, १६९३.१५, ८०९.००, १२९.६३, ७५२.००, ९७१.७८, ४६३.२०, १६१४.३७, १४१० .०० र ३३६०.०० वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय टीकापुर कैलालीमा गीता के.सी को नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, सितापुर(मनिकापुर)-८, स्थित कि.नं २२३१ को क्षेत्रफल ६७७.०० वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
३) श्री मालपोत कार्यालय टीकापुर कैलालीमा कुवर श्याम सिंहको नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर-९ स्थित कि.नं ६१७ को क्षेत्रफल ६७४.०३ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

ऋणी/प्रोप्राईटर/जमानतकर्ताको विवरण

४) क) ऋणीः खजुरा मिनी पार्क एण्ड रिसार्ट उद्यान
प्रा.फ.द.नं. : ६३/८४०५/०७७/७८
दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंज
दर्ता मिति :२०७७/०५/०९
ठेगानाः खजुरा गा.पा. वडा नं.-०४, बाँके
पान नं.: ६०७००४४४५

ख) ऋणी/संचालक/जमानतकर्ताको नाम : टेक बहादुर श्रेष्ठ
बाबुको नाम : मान बहादुर श्रेष्ठ
बाजेको नाम : सुभान सिंह श्रेष्ठ
ठेगाना : बागेश्वरी-०५, बाँके
हाल : खजुरा-०४, बाँके
ना.प्र.नं.: ०२८ /२०४, जारी मिति :२०५२/०२/०४
जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके
कर्जा लिएको शाखा : खजुरा, बाँके

ऋणी/जमानतकर्ताको विवरण

ग) ऋणी/जमानतकर्ताको नामः चम्पा कुमारी श्रेष्ठ
बाबुको नामः इन्द्र बहादुर बुढा मगर
पतिको नामः टेक बहादुर श्रेष्ठ
ससुराको नामः मान बहादुर श्रेष्ठ
ठेगाना : बाँगेश्वरी-०५, बाँके
हाल : खजुरा-०४, बाँके
ना.प्र.नं. : १०/२०५४/१/१२२१७
जारी मितिः २०५८/१०/१९
जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके

क) जमानतकर्ताको नाम : आशिष श्रेष्ठ
बाबुको नाम : टेक बहादुर श्रेष्ठ
बाजेको नाम : मान बहादुर श्रेष्ठ
ठेगाना : खजुरा-०४, बाँके
ना.प्र.नं. : ६६-०१-७५-०५०२५
जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके
जारी मिति : २०७५/०८/१७

सुरक्षणमा रहेको धितोको विवरणः
१) श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्री टेक बहादुर श्रेष्ठको नाममा दर्ता कायम रहेको बाँके जिल्ला, बागेश्वरी न.पा./गा.वि.स. वडा नं.६ स्थित कि.नं. ४०९ ,६१९ र ६१७ को क्षेत्रफल क्रमशः १७७७.५०, १७४८.१० र २४१३.५० बर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्रीमती चम्पा कुमारी श्रेष्ठको नाममा दर्ता कायम रहेको बाँके जिल्ला, वागेश्वरी न.पा./गा.वि.स. वडा नं.६ स्थित कि.नं. ५६४ को क्षेत्रफल ५०७.९६ बर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणी/जमानतकर्ताको विवरण

५) ऋणीः विजय राउत अहिर
बाबुको नाम : राजदेव राउत अहिर
बाजेको नाम : हरि राउत अहिर
ठेगाना : खोपवा-०२, बारा
हालको ठेगानाः बारागढी-०३, बारा
ना.प्र.नं. : ३३३००७/१९६४, जारी मिति : २०६३/१०/१८
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा
कर्जा लिएको शाखा : कोल्हवी, बारा

जमानतकर्ताको विवरण

क) नाम : निभा कुमारी यादव
बाबुको नाम : रामेश्वर राय यादव
पतिको नाम : विजय राउत अहिर
ससुराको नाम : राजदेव राउत अहिर
ठेगाना : बारागढी-०३, बारा
हालको ठेगानाः बारागढी-०३, बारा
ना.प्र.नं.: ३३-०१-७९-०४२१५, जारी मितिः २०७९/०४/१५
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा

ख) नाम : अनिहा अहिरनी
पतिको नाम : राजदेव राउत अहिर
ससुराको नामः हरि राउत अहिर
ठेगानाः खोपवा-०२, बारा
हालको ठेगानाः बारागढी-०३, बारा
ना.प्र.नं.: १५८८/२०७२, जारी मिति : २०४६/११/१८
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा

जमानतकर्ताको विवरण

ग) नाम : राजदेव राउत अहिर
बाबुको नाम : हरि राउत अहिर
बाजेको नाम : सन्त राउत अहिर
ठेगाना : खोपवा-०१, वारा
हालको ठेगानाः बारागढी-०३, वारा
ना.प्र. नं.: १०४०/१६९४, जारी मितिः २०४४/१२/०९
जारी गर्ने कार्यालयः जि.का., वारा

घ) नाम : अजय राउत अहिर
बाबुको नाम : राजदेव राउत अहिर
बाजेको नाम : हरि राउत अहिर
ठेगाना : खोपवा-०१, बारा
हालको ठेगाना : बारागढी-०३, बारा
ना.प्र.नं.: ३३-०१-७२-०५३९१
जारी मितिः २०७२/१०/०६
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा

ङ) नाम : रविता कुमारी यादव
बाबुको नाम : प्रेमलाल राय
पतिको नाम : अजय राउत अहिर
ससुराको नाम : राजदेव राउत अहिर
ठेगाना : बारागढी-०३, बारा
ना.प्र.नं.: ३३-०१-७९-०५६२०
जारी मितिः २०७९/०५/०२
जारी गर्ने कार्यालयः जि.प्र.का., बारा

सुरक्षणमा रहेको धितोको विवरणः श्री भुमिसुधार तथा मालपोत कार्यालय कलैया, बारामा अनिहा अहिरनीको नाममा दर्ता कायम रहेको बारा जिल्ला, खोपवा -०१, स्थित कि.नं. ६५० को क्षेत्रफल ३४५४.०२ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

विद्यानिकट...

पृष्ठ १ बाट क्रमशः

र अष्टलक्ष्मी शाक्यसहितका नेताहरूको गतिविधितर्फ लक्षित गर्दै ओलीले शुक्रबार यस्तो चेतावनी दिएका हुन् ।

आफ्नाविरुद्ध लाग्ने नेतालाई पार्टीमा संरक्षण मात्र नभएर उचित पदमा समेत राखेर ल्याएको ओलीले दाबी गरे । साथै, उनले अब पार्टीलाई एकताबद्ध बनाएर लैजान हदैसम्म लचिलो बन्न तयार भए पनि पार्टी नै कमजोर पार्ने काम भए सैह्य नहुने चेतावनी दिए । ओलीले विगतमा आफूले त्याग गरेको समेत सुनाए । 'मलाई उहिल्यै महासचिव होउ भन्दा मैले माधवजी वा अरूलाई बनाऔँ भन्थेँ । त्यो लचिलोपन थियो । आठौँ महाधिवेशनपछि 'हुँदैन' भन्दै बाक्सा साँटेर हराए, म त्यसमा पनि गुनासो गर्दिनँ । पार्टी छोडिनँ, फुटाउने काम गरिनँ,' ओलीले भने ।

तर, पार्टी कब्जा गर्ने षड्यन्त्र भएपछि आफू अगाडि बढेको उनको दलिल छ । 'तर, जब अनुचित ढंगले कब्जा गर्न खोजियो, म पुनर्गठन गरेर अघि बढेँ र एमालेलाई जस्ताको तस्तै जोगाएँ । माधव नेपालले अहिले समाजवादी पार्टीको झोला प्रचण्डकहाँ लगेर बिसाइदिए । एमाले त्यस्तै हुन्थ्यो, ध्वस्त पार्थे, त्यस्तो हुन नदिएर मैले जोगाएँ,' ओलीले भने, 'फेरि पनि एमाले जोगाइन्छ । तर, बघिनी (एमाले) चुपचाप बसिरहेकी छ भनेर कसैले हात हाल्न खोज्यो भने- यस्तो दिन्छु नि झप्पु ।' र, ओलीले अन्त्यमा भने, 'म चुपचाप बस्ने, नरम र उदार हुने मान्छे हुँ, तर पार्टी सिध्याउन खोजियो भने झप्पु दिनैपर्छ, त्यसवेला म पनि चुप बस्दिनँ ।'

६ महिनामा...

पृष्ठ १ बाट क्रमशः

बटम थिचेर छपाइ कार्यको शुभारम्भ गरेका हुन् । नयाँ र नवीकरणका लागि राजस्व तिरिसकेका झन्डै ३० लाख सवारीचालक लाइसेन्सविहीन भएको अवस्थामा केन्द्रबाट थालिएको छपाइले अभाव पूर्ति गर्ने विश्वास उनको छ ।

सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानाका अनुसार पहिलो चरणमा ६ महिनाभित्र १२ लाख लाइसेन्स छाप्ने गरी यातायात व्यवस्था विभागसँग सम्झौता भएको छ । दुई मेसिनमध्ये हालका लागि एउटा मेसिनबाट दैनिक पाँच सयका दरले लाइसेन्स छपाइ हुने उनले बताए ।

३० लाख सवारीचालक कागजको चिर्कटो बोकेर हिँड्नुपर्ने बाध्यता रहेको अवस्थामा लाइसेन्स छाप्ने क्षमता भएको केन्द्र किन अघि नबढ्ने भनेर छपाइ कार्य सुरु गरिएको मन्त्री खरेलले बताए । '३० लाख लाइसेन्स नछापिरहेको अवस्थामा हामीसँग मेसिन छ, छाप्न सक्ने क्षमता पनि छ भने किन अघि नबढ्ने भनेर मन्त्रालय र केन्द्रको टिमको पहलमा यो हिम्मत गरेका हौँ,' उनले भने । हाल १२ लाखका लागि सम्झौता भए पनि सम्भव भए सम्झौता अवधिभित्रै ३० लाख नै लाइसेन्स छाप्ने गरी तयारी गर्न मन्त्री खरेलले केन्द्र र यातायात व्यवस्था विभागलाई आग्रह गरे । लाइसेन्स जनताको जीवनसँग जोडिएको विषय भएकाले समयमै सेवा दिन सक्नुपर्ने उनले बताए । 'लाइसेन्स सुशासनको द्योतक हो । लाइसेन्स सजिलोसँग दिन सक्यौँ भने पनि जनतालाई सुशासनको प्रत्याभूति हुन्छ,' उनले भने ।

नेपाल विद्युत प्राधिकरण
कर्णाली प्रादेशिक कार्यालय, सुर्खेत
(फोन नं. ०८३-५२३८३७)

बोलपत्र रद्द गरिएको सूचना

(सूचना प्रकाशित मिति : २०८२।०७।२२)

ने.वि.प्रा. कर्णाली प्रादेशिक कार्यालयको बोलपत्र नं. KPO/2082/083-LV/ABC-01 "Supply and Delivery of Low Voltage Aerial Bunched Cable" हाललाई रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

कम्पास बचत तथा ऋण सहकारी संस्था लि.
१७ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

श्रीमान्/श्रीमती...................................ज्यू
....,

विषय : साधारण सभा कार्यक्रममा उपस्थित हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८२/०७/१३ गते बसेको संचालक समितिको बैठक नं. २५९ को निर्णयानुसार यस संस्थाको १७ औं वार्षिक साधारण सभा निम्न मिति, समय, र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले अनिवार्य उपस्थितिको लागि सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई सादर अनुरोध गर्दछौ।

छलफलका विषयहरु :
१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको बार्षिक प्रतिवेदनमा छलफल तथा पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक ज्यूको वार्षिकप्रतिवेदन सम्बन्धमा।
३. कोषाध्यक्ष ज्यूको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व ०१/०२ को लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५. आ.व.०२/०३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. आ.व.०२/०३ को लागि वार्षिक कार्ययोजना तथा बजेट पारित गर्ने सम्बन्धमा
७. विनियम पुर्नलेखन गर्ने सम्बन्धमा ।
८. आन्तरिक निति तथा कार्यविधि पारित तथा संशोधन गर्ने सम्बन्धमा ।
९. संस्था एकिकरण गर्ने सम्बन्धमा ।
१०.साधारण सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
११.विविध सम्बन्धमा ।

कार्यक्रम
मिति : २०२ मंगसिर १ गते विहिबार
समय : विहान ११:०० बजे
स्थान : नब बुद्ध गुरुङ सेवा समिति, सुकेधारा

आज्ञाले
(चन्द्र बहादुर गुरुङ)
सचिव

असमर्थताको लागि सम्पर्क : ९५१३३७४३५,९५११५५४३४

नयाँ पत्रिका
शनिबारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २२ कार्तिक ०८२
nayapatrikaofficial @nayapatrika

मिथिला चित्रकला जसले चिनाउँछ मधेशलाई

मिथिला चित्रकला केवल कला मात्र होइन, मधेशको जीवित सांस्कृतिक दस्ताबेज पनि हो

कला



● पवन बराइली



पेन्टिङ सौजन्य : एसी सुमन





चामलको पिठोको घोलबाट चित्र बनाउँदै कलाकार

मिथिलाकला महिलाद्वारा संरक्षण, विकास र प्रवर्द्धन गरिएको कला हो। मधेशका महिलाहरूले प्राचीनकालदेखि घरका भित्तामा चित्रांकन गरी यो कला संरक्षण गर्दै आएका छन्। प्राचीनकालमा विवाह, जन्म, चाडपर्वजस्ता शुभ अवसरमा भित्तामा चित्र कोरेर सांस्कृतिक मान्यतालाई उतार्ने गर्थे। मिथिला संस्कृतिलाई आजसम्म जीवित राख्ने काम यिनै महिला र मधेशका सीमान्तकृत समुदायहरूले गरेका छन्।

देवेन्द्र थुम्केली, सदस्यसचिव
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान



मिथिला चित्रकलाले मधेशको विशिष्ट लोकचित्रकला पद्धतिलाई जीवित राखेको छ। त्यसैले यो कलालाई सबै क्षेत्रबाट प्रवर्द्धन र संरक्षणको खाँचो छ।



एसी सुमन
कलाकार तथा अध्येता

मिथिला चित्रहरूले रङ, रेखा र प्रतीकमार्फत सामाजिक असमानता, जातीय पहिचान र मानवीयताको संवाद गर्छन्। मिथिला कलामा प्रयोग हुने रङ पनि छुट्टै छ। ती रङहरूको जीवनदर्शन छुट्टै छ।

मधेशको सांस्कृतिक चिनारी हो, मिथिला चित्रकला। मधेशका सहर र देहातमा देखिने मिथिला चित्रकला अचेल पहाडी सहरका ग्यालरीदेखि घरका भित्तासम्म पनि देखिन थालेका छन्। कतिपय घरमा यी चित्रकला केवल सजावटका रूपमा होइन, संस्कृति र परम्पराप्रतिको सम्मानका रूपमा पनि झल्किन्छन्। रङ र रेखाको संयोजनमा साधारण देखिने यी चित्रले मधेशी समाजको इतिहास, आस्था र जीवनशैलीका कथा बोल्छन्। यही कारण मिथिला चित्रकला केवल कला होइन, मधेशको जीवित सांस्कृतिक दस्ताबेज पनि हो।

मिथिला साहित्य र संस्कृतिका अध्येता नित्यानन्द मण्डलका अनुसार जनकपुरधाम मैथिली संस्कृतिको केन्द्र हो, जहाँ चित्रकलाको अत्यन्त पुरानो परम्परा रहेको छ। उनका अनुसार मिथिला चित्रकला मधेशको चाडपर्व र सांस्कृतिक पहिचानको प्रतीक रूपमा लिइन्छ। चाडपर्वका अवसरमा अरिपन कोर्ने, पेन्टिङ बनाउने परम्परा आज पनि जीवित छ। छठजस्ता उत्सवमा मिथिला कलाको विशेष महत्त्व रहँदै आएको उल्लेख गर्दै मण्डल भन्छन्,'मैथिलीभाषी क्षेत्रमा विवाह, श्रीपञ्चमी, दीपावली, माघेसंक्रान्ति सत्यनायण पूजा, चित्र गुप्तापूजा, छठीजस्ता विभिन्न चाडपर्वमा अल्पना, भित्तीचित्र, माण्डचित्र, वासु चित्र र भावचित्र अंकित गर्ने लोक परम्परा छ। नवविवाहित जोडीको घर र कोठाको भित्तामा चित्रांकन गर्ने चलन पनि छ। मिथिला कला मिथिला सभ्यतासँग जोडिएको छ। यसको सांस्कृतिक महत्त्वबारे उनी भन्छन्,'यसको सांस्कृतिक महत्त्व पनि प्राचीनकालदेखि नै रहेको छ। 'त्यसलाई 'कोहबार' पनि भन्ने गरिन्छ।'

■ मिथिला चित्रकलाको प्राचीनता

प्राध्यापक तथा कलाकार उमाशंकर शाहका अनुसार प्राचीनकालमा मिथिला प्रदेशभित्र कोशी र नारायणी नदीबिचको मधेशका भागसँगै भारतको बिहार राज्यको दरभंगा, मधुवनी, सीतामढी, समस्तीपुर, बेगुसराय, सहरसा, सुपौली, पूर्णिया, कटिहार, राजीस्थानजस्ता ठाउँ पर्दछन्। मिथिला वा विदेह क्षेत्रको चर्चा वैदिक वाङ्मय, पुराण, रामायण, महाभारतलगायत अन्य प्राचीन ग्रन्थमा पाइने उनको भनाइ छ। उनी भन्छन् 'जनकपुरधामलाई मिथिला संस्कृतिको केन्द्र मानिन्छ। रामको विवाह सीतासँग गर्दा रामलाई स्वागत गर्न मिथिला क्षेत्रको घरघरका भित्तामा मिथिला चित्र बनाउन परामपरा थियो। यसरी मिथिला चित्रकलाको परामपरा चल्दै आयो। मैथिलीभाषीहरू धेरै रहेको सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही जिल्लाहरूमा मैथिली कलाको परामपरा कायम छ।

उनका अनुसार मिथिला चित्रकलालाई कायस्थ, ब्राह्मण, थारू, दलित समुदायले आफ्नो संस्कृति र पर्वहरूमा प्रयोग गर्छन्। 'मिथिला चित्रकला पूर्णरूपमा धार्मिक अनुष्ठानमा आधारित छ। यस चित्रकलामा प्रतीकहरूको चयन पनि गहनतापूर्वक गरिएको हुन्छ। प्रत्येक प्रतीकमा अलौकिताको वर्णन पाइन्छ।'

उनको भनाइमा चित्रमा विभिन्न किसिमका प्रतीकात्मक र सांकेतिक कुरा पाइन्छन्। हात्ती, घोडा, सुगा, माछा, कछुवा, मयूर र हाँसजस्ता जीवजन्तु चित्रमा बनाइन्छ। भन्छन्, 'यी चित्रहरूमा मानव, पशुपक्षी, रुखबिरुवा, पहाडका चित्रहरू पर्दछन्। जीवन र प्रकृतिलाई आधार बनाई चित्र कोरिएको हुन्छ।'

■ मिथिला कला बचाउने सीमान्त महिला

विषेशगरी, जनकपुर क्षेत्रका महिलाहरूले धार्मिक र पौराणिक संस्कारलाई ग्रहण गर्दै देवताहरूको चित्र कोरेको देखिन्छ। मिथिलाकला महिलाद्वारा संरक्षण, विकास र प्रवर्द्धन गरिएको कला हो। मधेशका महिलाहरूले प्राचीनकालदेखि घरका भित्तामा चित्रांकन गरी यो कला संरक्षण गर्दै आएका छन्। प्राचीनकालमा विवाह, जन्म, चाडपर्वजस्ता शुभ अवसरमा भित्तामा चित्र कोरेर सांस्कृतिक मान्यतालाई उतार्ने गर्थे। यसकारण मिथिला कलाको प्रमुख वाहक महिला नै हुन्। परम्परागत रूपमा मधेशी महिलाले घरको भित्तामा चित्र बनाएर कला, भावना र जीवनशैली अभिव्यक्त गर्ने गर्थे।

मिथिला चित्रकलामा विद्रोहको रङ पनि देखिन थालेको छ। रंगकर्मी तथा कवि सपना सज्जीवनी, पल्लवी पायललगायत युवा पुस्ताले परम्परागत चित्रकलामा विद्रोहका रङ भरिरहेका छन्। पितृसत्तालाई प्रश्न उठाउनेदेखि सामाजिक समानता, लैंगिक विभेदजस्ता विषय उनीहरूको चित्रमा देख्न पाइन्छ। परम्पराकै जगमा टेकेर उनीहरूले गरिरहेको नयाँ प्रयोगलाई कतिपयले आलोचना पनि गरेका छन् भने धेरैले सराहना गरेका छन्। त्यसले मिथिला चित्रकलामा नयाँ आयाम थपिएको छ।

अध्यता मण्डलका अनुसार मिथिला संस्कृतिलाई आजसम्म जीवित राख्ने श्रेय गृहिणी महिला र मधेशका सीमान्तकृत समुदायलाई जान्छ। मिथिला क्षेत्रमा सानैदेखि घरको कामकाजबाहेक चित्र बनाउने चलन रहेको उनको भनाइ छ। मधेशमा गृहिणी महिलाले यस कलालाई निरन्तरता दिँदै आएको उनको भनाइ छ। भन्छन्, 'उनीहरूले भित्तामा, आँगनमा, क्यानभासमा रङ र रेखाको माध्यमबाट कला सिर्जना गर्छन्, आफ्नो पहिचान, विश्वास र संघर्ष पनि कोर्छन्। मिथिला संस्कृतिलाई आजसम्म जीवित राख्ने काम यिनै महिला र मधेशका सीमान्तकृत समुदायहरूले गरेका छन्। समाजको पिँधमा रहेका यिनै हातहरूले मिथिलाको लोकसंस्कृतिलाई जीवन्त बनाइरहेका छन्। समाजको पिँधमा रहेका समुदायले मिथिलाको लोकसंस्कृतिलाई जीवन्त बनाएका छन्।'

■ रंगको प्रयोग

मिथिला कलामा सामान्यतया सात किसिमका रङहरू प्रयोग गरिन्छ। रातो, सेतो, नीलो, पहेँलो, हरियो, सिन्दुरी र कालो रङ प्रयोग गरिन्छ। रङहरू प्रकृतिका विभिन्न तत्त्वबाट लिइन्छ। मिथिलाकलाका अध्येता तथा कलाकार एसी सुमन मिथिला कलाले जीवनदर्शन, सामाजिक सन्देश र सांस्कृतिक चेतनालाई अभिव्यक्त गर्ने बताउँछन्। उनका अनुसार मिथिला चित्रमा चित्रहरूले रङ, रेखा र प्रतीकमार्फत सामाजिक असमानता, जातीय पहिचान र मानवीयताको संवाद गर्छन्। उनी भन्छन्,'मिथिला कलामा प्रयोग हुने रङ पनि छुट्टै छ। ती रङहरूको जीवनदर्शन छुट्टै छ।' मिथिला कलामा प्रयोग हुने रङहरू रातो, हरियो, पहेँलो, नीलो, कालो, सेतो हुन्। रातो (सौभाग्य, प्रेम, शक्ति र विवाहको प्रतीक), हरियो (जीवन, हरियाली, पुनर्जन्म), पहेँलो (आशा), सेतो (पवित्र), नीलो, स्थिरता शान्ति र भगवान् कृष्णको प्रतीक मानिन्छ। 'त्यसैले मिथिला कला केवल चित्र होइन, यो एक जीवनशैली, एक दार्शनिक दृष्टिकोण हो। जसले प्रकृति, नारी, धर्म, परम्परा र समाजको सम्मान गर्दै जीवनलाई समग्रमा बुझ्न मद्दत गर्छ,' उनले भने।

> मिथिला चित्रकलाले प्रकृतिप्रतिको श्रद्धा र मानव-प्रकृतिबिचको सम्बन्धको चित्रण गर्छ। मिथिला चित्रमा खेतबारी, गाईवस्तु, किसानको जीवन, चुलोचौको, पानी भर्ने दृश्यजस्ता मधेशको जनजीवन झल्किन्छ। यी दृश्यले ग्रामीण मधेशको झल्को दिन्छ। मिथिला चित्रकला प्रायः महिलाले बनाउने भएकाले दैनन्दिन जीवनका गतिविधिहरू चित्रमा देख्न पाइन्छ।

मिथिला चित्रकलाको विषय मुख्यतया धार्मिक हुने गर्छ। जसमा सीताराम, राधाकृष्ण, कृष्ण र गोपिनीको रासलीला, शिवपार्वती, दुर्गा, काली, सूर्य र चन्द्रमाको चित्रण देखिन्छ। भित्तामा ठुल्ठुलो आकृतिमा 'पिहुआ'को सहाराले रङ भरिन्छ। भरनी भनेको रङ पोत्नु वा रङ भर्नु हो।

कालो रङले तयार पारिएको रेखाचित्रभित्र रातो, पहेँलो, सुन्तला, बैजनी, हरियो रङको व्यापक प्रयोग गरिन्छ। घरमा उपलब्ध हुने सिन्दुर, अबिर, चन्दन, विभिन्न रङका फूलको प्रयोगले यस्ता चित्र बनाएको पाइन्छ। तसर्थ, यो शैलीलाई भरनी वा ब्राह्मण शैली भनिन्छ।

चामललाई भिजाएर सुकाई त्यसलाई पिँधेर बनाएको धुलोबाट सेतो रङ तयार गरिन्छ। रातो रङ एक किसिमको बिरुवाको पात र फलबाट तयार हुन्छ। नीलो रङ नीलबाट तयार गरिन्छ। सिन्दुरीमा बाख्राको दुध मिसाएर सिन्दुरे रङ तयार गरिन्छ। कालो रङ टुकीबाट निस्केको धुवाँ र भान्सा कोठामा लागेको ध्वाँसोलाई गाईको गोबरमा मिसाई बनाउने चलन छ। सिमीको पातलाई पिँचेर हरियो रङ तयार गरिन्छ। चित्रमा चमक ल्याउन बेलको गुदी पनि मिसाइन्छ।

कमलको फूल कोमलता, अनुराग र सौन्दर्यका साथै नारी देहको प्रतीक मानिन्छ। यो लक्ष्मीको प्रतीक पनि मानिन्छ, जसले वैभव पनि बुझाउँछ। कदम्बको फूल सौन्दर्य र प्रेमको प्रतीक हो। बाँसलाई वंश परामपरा र पुरुषजातिको प्रतीक मानिन्छ। घोडालाई सूर्यको प्रतीक मानिन्छ। गाईलाई पवित्रता र मातृत्वको प्रतीक मानिने चलन छ। हात्ती गणेशको प्रतीक साथै यसलाई शुभ पनि मानिन्छ। सुगालाई गुरु र मित्रताको संकेत पनि मानिन्छ। कछुवा विष्णु भगवान् र पुरुष वर्गको प्रतीक मानिन्छ। माछालाई उत्पादन शक्ति वा प्रजननशीलताको साथी नारीजातिको प्रतीक मानिन्छ। मयुर नृत्यलाई शृंगारको प्रतीक मानिन्छ। हाँसले सरस्वतीको पनि संकेत गर्छ। अध्येता सुमनका अनुसार प्रतीकहरूको उपयोगका आधारमा मैथिली चित्रकला परलौकिक र लौकिक दुई भागमा बाँड्न सकिन्छ। परलौकिक चित्रहरूमा देवी-देवता र स्वर्गीय कुराको चित्र पर्दछन् यसमा तन्त्रको व्यापक प्रभाव पाइन्छ। जसमा काली, दुर्गा आदिको चित्र बढी पाइन्छ। त्यसपछि भगवान् शिवको लोकप्रियता देखिन्छ। महाभारत, रामायणकालीन कथावस्तुका आधारमा विष्णु, राम, सीता राधाकृष्णका चित्रहरू पनि पाइन्छन्, तर, लक्ष्मी सरस्वतीभन्दा तिनका संख्या कम नै छन्।

मिथिला चित्रकलाले प्रकृतिप्रतिको श्रद्धा र मानव-प्रकृतिबिचको सम्बन्धको चित्रण गर्छ। मिथिला चित्रमा खेतबारी, गाईवस्तु, किसानको जीवन, चुलोचौको, पानी भर्ने दृश्यजस्ता मधेशको जनजीवन झल्किन्छ। यी दृश्यले ग्रामीण मधेशको झल्को दिन्छ। मिथिला चित्रकला प्रायः महिलाले बनाउने भएकाले दैनन्दिन जीवनका गतिविधिहरू चित्रमा देख्न पाइन्छ।

■ प्रवर्द्धनको खाँचो

यो महत्त्वपूर्ण लोककलाको संरक्षण र प्रवर्द्धन हुन सकेको छैन। यसको विश्वबजारमा व्यापक माग छ। हिजोआज कोठा सजावटका लागि लोककला राख्ने फेसन चलेको छ। यो कलाको प्रचार-प्रसार र बिक्री-वितरणको दायित्व सरकारले लिनुपर्ने देखिन्छ। साथै, सरकारले यससम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने अध्येताहरूको भनाइ छ। एसी सुमन शील्पशिक्षाको पारखी मधेशी महिलाकै कारण मिथिला कलाले निरन्तरता पाइरहेको बताउँछन्। मिथिला कलाबाट यहाँका महिला आर्थिक सशक्तीकरण र उद्यमशीलतातर्फ बढिरहेको उनको भनाइ छ। उनी भन्छन्,'यसले महिलालाई आत्मनिर्भर बनाउन सघाउ पुगेको छ। अब राज्यले यस्ता कला संरक्षणका लागि संग्रहालय र संस्कृति केन्द्र बनाउन आवश्यक छ। अनुसन्धान र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न ढिला भइसक्यो। बजारसम्मको पहुँच व्यवस्था गर्न आवश्यक छ। राज्य, कलाकार र मधेशी समुदायबिच साझेदारी अपरिहार्य बनेको छ।'

मिथिला कला संरक्षणका लागि विशेष नीति तथा कानुन निर्माण गर्नुपर्ने उनको धारणा छ। विद्यालय तथा कलेजको पाठ्यक्रममा मिथिला कला समावेश गरी नयाँ पुस्तालाई जानकारी दिनुपर्ने उनको जोड छ। भन्छन्, 'प्राचीन मिथिला चित्रकला तथा दस्ताबेजलाई डिजिटल माध्यमबाट अभिलेखीकरण गर्नु आवश्यक छ। विदेशमा नेपाली सांस्कृतिक महोत्सवमा मिथिला कला प्रदर्शनीमा जोड दिनुपर्छ। मिथिला कलाकारलाई अनुदान, छात्रवृत्ति र राष्ट्रिय पुरस्कार प्रदान गरी मिथिला कलाको संवर्द्धन र प्रवर्द्धनका लागि पहल गर्नुपर्छ।'

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्र थुम्केली मिथिला कलाकारलाई अनुदान, छात्रवृत्ति, कलाको संवर्द्धन र प्रवर्द्धनका लागि पहल भइरहेको बताउँछन्। उनी भन्छन्, 'मिथिला चित्रकलाले मधेशको विशिष्ट लोक चित्रकला पद्धतिलाई जीवित राखेको छ। त्यसैले यो कलालाई सबैक्षेत्रबाट प्रवर्द्धन र संरक्षणको खाँचो छ।'

रोकिनुपर्छ स्वास्थ्यकर्मीमाथिको हिंसा

स्वास्थ्य



● अदाइज ओरेह



विश्व स्वास्थ्य संगठनका अनुसार ३८ प्रतिशत स्वास्थ्य सेवाकर्मीले आफ्नो करिअरको कुनै न कुनै समयमा कुनै न कुनै प्रकारको शारीरिक हिंसा भोग्छन्, जुन प्रायः बिरामी र आगन्तुकद्वारा गरिन्छ । यसले कामदारलाई मात्र होइन, उनीहरूले सेवा गर्ने जनसंख्याको स्वास्थ्यलाई पनि हानि पुऱ्याउँछ । यसै ग्रीष्म मौसममा नाइजेरियाको योबे राज्यको विशेषज्ञ अस्पताल दामातुरुमा चिकित्सा हेरचाहको प्रावधानबारे विवाद हुँदा एक पुरुष बिरामीले एक महिला स्वास्थ्य सेवाकर्मीलाई हातपात गरे । दुःखको कुरा, यो नाइजेरियाका स्वास्थ्य सेवाकर्मीहरू विशेष गरी महिलाहरूका लागि अपेक्षाकृत सामान्य अनुभव हो । कादुना राज्य र अबिया राज्यका अस्पतालमा गरिएको सर्वेक्षणले पत्ता लगाएको छ कि क्रमशः ६४ प्रतिशत र ८८ प्रतिशत स्वास्थ्यकर्मीले कार्यस्थलमा हिंसा भोगेका थिए । नाइजेरियामा क्लिनिकल अभ्यासका क्रममा मेरो आफ्नै पहिलो वर्षको समयमा (जतिबेला म केवल २४ वर्षको थिएँ) बालबालिकाको वार्डमा ड्युटीमै रहँदा एक अभिभावकले मलाई आक्रमण गरे ।

नाइजेरिया एक्लो छैन । अस्ट्रेलिया, चीन, चेक गणराज्य, फ्रान्स, जर्मनी, पोल्यान्ड, स्लोभाकिया, स्पेन, टर्की, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिकालगायत विभिन्न देशमा विगत पाँच वर्षमा स्वास्थ्य सेवाकर्मीविरुद्ध हिंसाका रिपोर्ट बढ्दै गएको छ । २०१९ को एक अध्ययनले देखाएको छ कि इटालीका ११ प्रतिशत नर्सले अघिल्लो वर्ष काममा शारीरिक हिंसा भोगेका थिए र ४ प्रतिशतलाई बन्दुकद्वारा हमला गर्ने धम्की दिइएको थियो । लगभग आधा नर्सहरूले गालीगलौजको अनुभव गरेको रिपोर्ट गरे ।

> कार्यस्थलमा हिंसाबाट पीडित लगभग ७६ प्रतिशत नर्सहरूले पछि डिप्रेसनका लक्षण अनुभव गरेका छन्

यस्तो रिपोर्टिङले कथाको केही अंश मात्र बताउँछ । २००४ मा ममाथि आक्रमण भयो । अर्को बिरामीको आफन्तले तत्कालै गरेको हस्तक्षेपको कारणले टाउकोमा गम्भीर चोटपटक लाग्नबाट जोगिएँ । अपराधीको परिवारप्रति मेरो सहानुभूति रह्यो । जसका कारण कानुनी अभियोजनबाट उनीहरू बचे । स्वास्थ्य सेवा क्षेत्रमा हुने हिंसाका पीडितमध्ये आधाभन्दा कमले घटना सार्वजनिक गर्ने सम्भावना छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार स्वास्थ्य सेवाकर्मीमध्ये ३८ प्रतिशले आफ्नो करिअरको कुनै न कुनै समयमा कुनै न कुनै प्रकारको शारीरिक हिंसा बिरामी र आगन्तुकबाट भोग्न बाध्य हुन्छन् । यो तथ्यांकले मौखिक धम्कीलाई समेट्दैन ।

अस्पतालमा स्वास्थ्यकर्मीमाथि हुने हिंसामा धेरै कारण छन् । स्वास्थ्य सेवाकर्मी प्रायः युवा महिला हुन्छन् । उनीहरूले लागु पदार्थ वा मदिरा सेवन गरेका व्यक्ति र मानसिक रोगबाट पीडित व्यक्तिसहित सामान्य जनताका लागि पहुँचयोग्य वातावरणमा दिनरात खटिनुपर्छ । यसबाहेक, कर्मचारी र स्रोतसाधनको अभावले स्वास्थ्य सेवाकर्मी प्रायः बढी काम गर्छन्, कम तलब पाउँछन् र गुणस्तरीय वा समयमै हेरचाह प्रदान गर्न आवश्यक उपकरणमा पहुँचको अभाव हुन्छ । लामो समय पर्खिनुपर्ने भएकाले बिरामी र उनीहरूका आफन्तमा तनाव र निराशा बढाउँछ । बिरामीका आफन्तले प्रायः चमत्कारको आशा गर्छन् जबकि बिरामीहरू रोगले च्यापेपछि मात्र अस्पताल आउँछन् । कमजोर सञ्चार र कार्यस्थलमा हुने सुरक्षाको कमीले निरन्तर हिंसाको जोखिम बढ्छ ।

स्वास्थ्य सेवाकर्मीहरूका लागि जोखिम विशेष गरी विपत्, द्वन्द्वका परिस्थितिमा तीव्र हुन्छ, जहाँ तिनीहरू राजनीतिक वा साम्प्रदायिक हिंसाको निसाना पनि बन्न सक्छन् । कोभिड- १९ महामारीको समयमा भाइरसको बारेमा गलत जानकारी हुँदा हिंसामा तीव्र वृद्धि गऱ्यो ।

यी अनुभवहरूको परिणामस्वरूप, स्वास्थ्य सेवाकर्मीहरूले प्रायः चिन्ता, डिप्रेसन, जागिरबाट थकान, पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर, र अन्य मानसिक स्वास्थ्य अवस्थाको सामना गर्छन् । कार्यस्थलमा हिंसाबाट पीडित लगभग ७६ प्रतिशत नर्सहरूले पछि डिप्रेसनका लक्षण अनुभव गरेको एउटा अध्ययनले पत्ता लगाएको छ । स्वास्थ्यकर्मीहरूको सुरक्षा घट्दै जाँदा बिरामीहरूले पाउने हेरचाह पनि घट्छ । विशेष गरी कम मानिसहरूले स्वास्थ्य सेवाक्षेत्रमा प्रवेश गर्न खोज्दा स्वास्थ्यकर्मीको बढ्दो अनुपस्थितिले समस्यालाई जटिल बनाउँछ । विश्वले स्वास्थ्य सेवाकर्मीको अभावको सामना गरिरहेको वेला २०३० सम्ममा यस्तो अभाव दश लाख पुग्ने अनुमान गरिएको छ- यसले सार्वजनिक स्वास्थ्यलाई प्रत्यक्ष खतरा निम्त्याउँछ ।

स्वास्थ्य सेवाकर्मीको सुरक्षाका लागि विभिन्न हस्तक्षेप आवश्यक पर्नेछ । सुरुमा, हिंसा रोकथाम गर्न कामदारको शिक्षा र तालिममा एकीकृत गर्नुपर्छ । उनीहरूलाई तनावपूर्ण परिस्थिति कम गर्न सञ्चार रणनीति र हिंसा भड्किएमा आत्मरक्षा प्रविधि सिकाइनुपर्छ । यसबाहेक, विद्यमान कामदारलाई सुरक्षा गर्ने कानुनको दायरा र कार्यान्वयन बढाउनुपर्छ । संस्थाहरूले कार्यस्थल सुरक्षाको अनुगमन, घटनाहरूको रिपोर्टिङ र अनुसन्धान गर्न र अपराधीविरुद्ध कानुनी कारबाही गर्न स्पष्ट प्रोटोकलसहित शून्यसहिष्णुता दिशानिर्देश लागू गर्नुपर्छ । विशेषज्ञ अस्पताल दामातुरुमा हालै भएको आक्रमणपछि अपराधीको द्रुत गिरफ्तारी र अभियोजनले निवारकको काम गर्न सक्छ । प्रशिक्षित सुरक्षा कर्मचारीहरूलाई भर्ना गर्नाले पनि मद्दत गर्नेछ, साथै भरपर्दो सञ्चार प्रणालीको कार्यान्वयनले पनि काम गर्नेछ ।

यसैबिच, स्वास्थ्यकर्मीको अभावलाई सम्बोधन गर्न ठोस प्रयास गरिनुपर्छ । जस्तै कार्य स्थानान्तरण वा साझेदारीमार्फत कम योग्य कर्मचारीलाई निश्चित जिम्मेवारीको आंशिक वा पूर्ण पुनर्वितरण गर्ने ताकि उच्च योग्य कामदारहरूले आफ्नो विशेषज्ञता आवश्यक पर्ने कार्यमा ध्यान केन्द्रित गर्न सकून् । यस दृष्टिकोणले पहिले नै २३ उपसहारा अफ्रिकी देशहरूमा एचआइभी/एड्स, क्षयरोग, उच्च रक्तचाप, मधुमेह, मानसिक स्वास्थ्य, आँखा हेरचाह, मातृ तथा बाल स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, र आपत्कालीन हेरचाहसहित धेरै क्षेत्रमा सेवा वितरणमा सुधार ल्याएको छ । सबै मानिसलाई आफ्नो कार्यस्थलमा सुरक्षाको अधिकार छ । जब हामी स्वास्थ्य सेवाकर्मीहरूका लागि यो अधिकार कायम राख्न असफल हुन्छौं, हामीले उनीहरूलाई मात्र होइन, उनीहरूले सेवा गर्ने जनताको स्वास्थ्यलाई पनि हानि पुऱ्याउँछौं ।

(अदाइज ओरेह नाइजेरियाको रिभर्स स्टेटमा स्वास्थ्य आयुक्त, कोफी अन्नान ग्लोबल हेल्थ लिडरसिप फेलो र एस्पेन ग्लोबल इनोभेटरकी सिनियर फेलो हुन् । 'प्रोजेक्ट सिन्डिकेट'बाट सुभाष शर्माको अनुवाद ।)







चिसो कञ्चनजंघाको न्यानो आलिंगन

यात्रा

● सुवास भट्ट

नेपाल पर्यटकीय सम्भावना प्रचुर भएको देश हो । उच्च पहाडी र हिमाली क्षेत्रमा स्वदेशी र विदेशी पर्यटकको आवागमन बाक्लिँदै गएको छ । खासगरी उच्च हिमाली शिखर नियाल्न र तिनको आनन्द लिन पारखीहरू उकाली चढिरहेका देख्न सकिन्छ । उचाइका भूगोल, हावापानी र जनजीवनले ती पारखीलाई हमेसा तानिरहेको हुन्छ ।

यसपटक ताप्लेजुङस्थित कञ्चनजंघा हिमालको आधार शिविरसम्मको यात्रा सम्पन्न गरियो । सुदूरपूर्वको यो हिमालको आधार शिविर पुग्ने योजना विगत दुई वर्षदेखि नै तय गरे पनि जान सकिएको थिएन । यसपटक तीनजना साथीहरू भेला भए त्यस गन्तव्यलाई सफल बनाएरै छाड्यौं । सगरमाथापछि नेपालको दोस्रो र संसारकै तेस्रो अग्लो शिखर हो, कञ्चनजंघा हिमाल । नेपालको लामोमध्येको ट्रेकिङ ट्रेल, आफ्नै भौगोलिक र पर्यावरणीय विशिष्टता बोकेको क्षेत्र हो, सुदूरपूर्वको कञ्चनजंघा संरक्षण क्षेत्र । गएको तिहारको पूर्वसन्ध्यामा हामी त्यसतर्फ अघि बढेका थियौं ।

■ काठमाडौंदेखि इटहरी हुँदै फुङलिङ

कञ्चनजंघा आधार शिविरसम्मको यात्रा तय भएपछि हामी दुईजना काठमाडौंबाट त्यसतर्फ अघि बढ्यौं । गौशालाबाट माइक्रोबस चढेर बिहान ६ बजे नै हामी इटहरीतर्फ अघि बढ्यौं । इटहरीबाट ताप्लेजुङको सदरमुकाम फुङलिङ जानुपर्ने थियो । इटहरी पुग्दा करिब ४ बजेपछि त्यहीं वास बसियो । भोलिपल्ट बिहान करिब ६ बजे नै जिप चढेर फुङलिङका लागि अघि बढ्यौं । इटहरीमा अर्का एक साथीसमेत थपिएपछि तीनजना सहयात्री भयौं ।

इटहरीबाट धरान हुँदै भेडेटार पार गरेर जिप अघि बढ्यो । इटहरी र धरानको गर्मी खाएर गएका यात्रीलाई भेडेटारको चिसो हावाले शीतलता प्रदान गऱ्यो । धनकुटाबाट पाँचथर हुँदै करिब आठ घण्टाको जिप यात्रापछि दिउँसो २ बजे फुङलिङ बजार पुग्यो । फुङलिङ हाम्रो गन्तव्य थिएन । त्यस दिन फुङलिङ नै बसेर कञ्जनजंघा संरक्षण क्षेत्रबारे जानकारी संकलन गऱ्यौं ।

भोलिपल्ट बिहान ९ बजे हामी फुङलिङबाट अर्को जिप रिजर्भ गरेर कञ्चनजंघा ट्रेकका लागि अघि बढ्यौं । फुङलिङबाट कच्ची र धुलो बाटो छिचोल्दै करिब चार घण्टामा हामी रानीपुल पुग्यौं । बिचमा जिप बिग्रिएपछि करिब एक घण्टा ढिला भयो । करिब ३० किलोमिटर बाटो पार गरेर रानीपुल पुग्दा दिउँसोको १ बजिसकेको थियो । यहींदेखि कञ्चनजंघा आधार शिविरको ट्रेक सुरु भयो ।

■ तमोर तरेर घुन्साको तीरैतीर

रानीपुलमा जिप रोकिएपछि हाम्रो पैदल यात्रा सुरु भयो । तमोर नदी तरेर अगाडि बढ्यौं । त्यही पुलमुनि तमोर नदीमा आएर घुन्सा खोला बिलय भएको छ । यही घुन्सा खोलालाई दाहिने पारेर हामी उकाली लाग्यौं । तर, घुन्सा खोलाछेउको पहिरोले भत्काएर गत वर्षदेखि पुरानो बाटो अवरुद्ध रहेछ । घुन्सा खोलापारि पहराको चेपचेपमा काठका भ्याङ राखेर जसोतसो हिँड्न मिल्ने गरी बाटो स्थानीयले

साप्ताहिक राशिफल

२२ कार्तिक (शनिबार)
२८ कार्तिक (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साथीभाइको राम्रो सल्लाह र सद्भाव प्राप्त हुनेछ । अपूर्ण कार्य पूर्ण हुनेछन् । रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ । धार्मिक तथा आध्यात्मिक गतिविधिमा सहभागी बन्नुपर्नेछ र त्यसबाट प्रशंसित हुने अवसर प्राप्त हुनेछ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा कम र व्यापारमा प्रशस्त फाइदा हुने योग छ । गरेका कामबाट राम्रै लाभ हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । सन्तान पक्षबाट पनि राम्रै सहयोग प्राप्त हुनेछ । साताको अन्त्यमा पछाडि कुरा काट्ने शत्रु आफैं पराजित हुनेछन् । सामाजिक कार्यमा नेतृत्वदायी भूमिका बहन गर्नुपर्नेछ । सद्भाव र प्रेममा उच्च सफलता प्राप्त हुने योग छ । मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ । प्रतिष्ठित काम गर्ने मौका छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

पछाडि कुरा काट्नेहरूले षड्यन्त्रको तानाबुना रच्ने प्रयास गर्नेछन् । बुधबारपछि पुराना साथीभाइसित अचानक भेटघाट हुने र आकस्मिक लाभ मिल्ने समय छ । कर्मसिद्धिको समय छ । सामूहिक नेतृत्व सम्हाल्ने मौका मिल्नेछ । व्यापारमा लाभ हुनेछ । समाजमा प्रतिभाको कदर हुनेछ । साताको अन्त्यमा व्यापारमा प्रशस्त फाइदा हुनेछ । काममा मातापिताको सहयोग प्राप्त होला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साझेदारीबाट फाइदा हुनेछैन । अध्ययन, अध्यापन र लेखनको कार्यमा खासै बुधबारपछि व्यापारीहरूले हानि व्यहोर्नुपर्छ र कर्मचारीले अपजस व्यहोर्नुपर्छ । यात्रा घातक बन्न सक्छ, धेरै टाढा नजानुहोला । अकारण वादविवादमा फस्ने र प्रतिफल प्राप्त नहुने क्षेत्रमा लगानी हुनेछ । साताको अन्त्यमा मान्यजन र अभिभावक वर्गको सहयोगमा रोकिएका काम सम्पादन गर्न सघाउ पुग्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

पठनपाठनमा प्रगति हुनेछ । आम्दानीका मार्ग खुल्नेछ । अध्ययन-अध्यापन र लेखनमा खास अभिरुचि हुनेछैन । साताको अन्त्यमा शरीरमा आलस्य र थकानको अनुभव हुनेछ । अप्रिय समाचार सुन्नु पर्दा मन खिन्न हुने स्थिति आउनेछ । धन, धर्म र भाग्यमा हानि पुग्ने सम्भावना छ । गर्नु नपर्ने काम बढी समय लगाएर गर्नुपर्ला ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आफ्नै जिद्दीपनाले गर्दा काम बिग्रने र छरछिमेकमा असमझदारी बढ्ने सम्भावना छ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष हुनेछ । आफन्तले समेत कुरा सुन्न र समय दिन सक्दैनन् । मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने सम्भावना छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । दाजुभाइको प्रगतिको समाचार सुन्न पाइएला । पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ । साथीहरूसित मनोरञ्जन गर्ने अवसर जुर्नेछ । परिवारमा पनि वैचारिक मतभेद देखापर्ने सम्भावना छ । जीवनसंगीसित ठाकठुक पर्न सक्छ । मानसिक तनावको सिर्जना हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

पारिवारिक जमघटमा मन रमाउनेछ । वस्त्र, अलंकार आदि खरिद गर्ने योग छ । पशुपालक र दुग्ध व्यवसायमा संलग्नहरूले लाभ प्राप्त गर्नेछन् । साताको अन्त्यमा कुनै विशेष खुसीको समाचार सुन्न पाइएला । राम्रो कामका लागि काम गर्ने वातावरणअनुकूल बन्नेछ । बौद्धिक क्षमताको प्रस्फुटन हुनाले सिर्जनात्मक सफलता मिल्नेछ । भोगविलासमा मन जानेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

खानपिनका परिकार प्राप्त हुने र भ्रमण, पर्यटन, रमझम तथा सामाजिक काममा सहभागी हुनुपर्नेछ । सुनचाँदीजस्ता धातुको कारोबारबाट धेरथोर लाभ मिल्नेछ । सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ, जसबाट यश प्राप्त हुनेछ । बोलीको प्रभाव रहनाले काम बन्नेछ समयलाई पर्खिनु होला । साताको अन्त्यमा परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

व्यवसाय वा पेसामा परिवर्तनको धारणा उत्पन्न हुन सक्छ । नयाँ काममा हात हाल्ने समय भएकाले आफ्ना विचारलाई कार्यान्वयन गर्दा राम्रो हुन्छ । धन लगानी गर्ने अवसर पाउनुहुनेछ । साताको अन्त्यमा सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ । शुभ कुराको संकेत मिल्नेछ । कुनै देवालय, मठमन्दिर वा सार्वजनिक प्रतिष्ठानको दर्शन, भ्रमण वा अवलोकन हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

सन्तति र भाइबहिनीका पक्षबाट सन्तोष मिल्नेछ । व्यावसायिक क्षेत्र लाभप्रद छ । भौतिक साधनको जोहो हुनाका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सक्रिय हुने अवसर जुट्नेछ । साताको अन्त्यमा प्राविधिक काममा विशेष सफलता प्राप्त हुनाले आत्मसन्तुष्टि प्राप्त हुनेछ । आभूषण, शृंगार, साजसज्जा, फेसन डिजाइन र सञ्चार क्षेत्रका व्यवसायीले राम्रो लाभ प्राप्त गर्नेछन् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

समाजको नेतृत्व बहन गर्नुपर्नेछ । खाद्यान्नका परिकार तथा मेवामिष्ठान्न मिल्ने समय छ । जग्गाजमिनको कारोबार गर्दा असल हुनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । बोलीको कदर हुनेछ । प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ । मानसिक एवं बौद्धिक क्षमतामा कमी आउनेछ । नजिकैका मानसम्मान र प्रतिष्ठा बढ्नेछ ।

कथामा दैनिक जीवनका सामान्य लाग्ने पात्रहरू भयंकर र खुखार अवतारमा देखिने गर्छन् । लेखक गिरीले आफ्ना कथामा वर्तमानदेखि इतिहाससम्मका विकृतिहरूमाथि तीक्ष्ण व्यंग्य पनि गरेका छन् ।


काठमाडौं/ पत्रकार तथा कथाकार खगेन्द्र गिरीको कथासंग्रह 'भग्न प्रेमशाला' लोकार्पण गरिएको छ । शुक्रबार एक कार्यक्रमबिच संग्रह सार्वजनिक गरिएको हो । कार्यक्रममा बोल्दै पत्रकार तथा लेखक वसन्त बस्नेतले नेपाली साहित्यमा गडगडाएर कथाकारको प्रवेश भएको बताए । 'संग्रहमा सफा, सौम्य र स्निग्ध कथा छैनन् । फोहोर, जुठा कथाहरू छन्, जसले कथा पढ्न झन् मजा आउँछ । संग्रहमा सुकिलो-मुकिलो कथाभन्दा जहाँ जस्तो छ, त्यस्तै कथा लेखौं भन्ने कथाकारको आशय देखिएको छ,' बस्नेतले भने । यस्तो कथासंग्रहले नेपाली साहित्यलाई अघि बढाउन राम्रो भूमिका खेल्ने उनको भनाइ छ ।

लेखक, रंगकर्मी सगुना शाहले 'भग्न प्रेमशाला' एउटा अब्बल कथासंग्रहको रूपमा आएको बताइन् । 'मजस्तो काठमाडौंमा हुर्किएको मान्छे यस्तै कथामार्फत धेरै ठाउँमा पुग्न सकेको छु । साधारण जनजीवनको असाधारण कथा पढ्न पाएको छु । मलाई









वरिपरि चाँदीझैं टिलिक्क टल्किएका हिमाल लामो यात्राको थकान बिर्साइदिने खालको थियो । छ्याङ्गै अगाडि देखिएको कञ्चनजंघा र लहरै देखिएका अन्य हिमाल आनन्द दिलाउने खालको थियो । जोडको चिसो हावा अनि नांगो आँखाले हेर्न गाह्रो हुने चम्किला हिमालले केही असहज भए पनि मन भने हर्षित भइरह्यो ।

■ खर्क, याक र घोरलका बथान

खम्बाचेनपछि हामी रामताङ पुग्यौं । चार हजार ५९६ मिटर उचाइको यो ठाउँ खर्क रहेछ । ठुलो संख्यामा याक चरिरहेका थिए भने त्यादेन शेर्पा परिवार तिनको स्याहारसुसार गर्न र दुध दुहुनमा व्यस्त थिए । उनीहरूले त्यहाँ यालुङघाङ टी हाउससमेत सञ्चालन गरेका रहेछन् । शेर्पाका अनुसार उनको परिवारले दशकौंदेखि याक पालन गर्दै आएको छ । त्यहाँ उनीहरूले झन्डै डेढ सय चौंरी पालेका रहेछन् । अहिले नै पनि २५ वटा 'डी' ले नियमित दुध दिन्छ । भालेलाई याक र पोथीलाई डी भनिँदो रहेछ । शेर्पा परिवारले याक पालन गरेर छुर्पी र घ्यू बनाएर बेच्ने गर्दा रहेछन् । याकलाई भने भारी बोकाउने र मासुका लागि उपयोग गरिँदो रहेछ । त्यहीं डीको एक-एक ग्लास फ्रेस दुध पिएर हामी अघि बढ्यौं ।

डेढ घण्टाजति हिँडेपछि हामी लोनाक पुग्यौं । लोनाकमा पनि आधा दर्जनजति होटेल छन् । किनारबाट लोनाक खोला बगेको छ । चार हजार ७६१ मिटर उचाइको लोनाकमा पनि ठुलो खर्क छ । लोनाकको खर्क पार गर्दै स्याम्जो, जोर्क्यु हुँदै कञ्चनजंघाको आधार शिविरतर्फ अघि बढिन्छ । बिचमा ठुलो पहिरो देखिन्छ, पहिरोका कारण वैकल्पिक बाटो बनाउँदा निकै ठाडो उकाली-ओराली गर्नुपर्छ । मध्याह्नपछि जोडले हावा चल्ने रहेछ । हिँड्दै गर्दा आक्कलझुक्कल घोरलको समूह देखिन्थे । हामीले २५-३० वटा घोरल चरिरहेको देख्यौं ।

■ आधार शिविरको आलिङ्गन

'पाङपेमा भ्यू बेस क्याम्प' कञ्चनजंघाको उत्तरी आधार शिविर हो । कञ्चनजंघा 'ट्रेक'को यो अन्तिम बिन्दु हो । जसको उचाइ समुद्र सतहदेखि पाँच हजार १४२ मिटरमा पर्छ । कञ्चनजंघालाई उत्तरतर्फ आरोहण गर्नेहरू यहींबाट अघि बढ्छन् । आधार शिविर पुगेको त्यस दिन संयोगले तिहारको भाइटीकाको शुभदिन थियो ।

वरिपरि चाँदीझैं टिलिक्क टल्किएका हिमाल लामो यात्राको थकान बिर्साइदिने खालको थियो । छ्याङ्गै अगाडि देखिएको कञ्चनजंघा र लहरै देखिएका अन्य हिमाल आनन्द दिलाउने खालको थियो । जोडको चिसो हावा अनि नांगो आँखाले हेर्न गाह्रो हुने चम्किला हिमालले केही असहज भए पनि मन भने हर्षित भइरह्यो ।

■ संरक्षण क्षेत्र

कञ्चनजंघा संरक्षण क्षेत्र क्षेत्रफलका हिसाबले विशाल छ । कञ्चनजंघाको उत्तरी र दक्षिणी प्रमुख आधार शिविर छन् । उत्तरी आधार शिविर पुगेर घुन्सा हुँदै सेलेले-पास गरेर दक्षिणी आधार शिविर जान सकिने मार्ग छ । समय अभावले दक्षिण शिविर भने हामी जान सकेनौं ।

दुई हजार ३५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको कञ्चनजंघा संरक्षण क्षेत्रले ताप्लेजुङको ५६ प्रतिशत भूभाग ओगट्छ । साबिकका चारवटा गाविस लेलेप, तापेथोक, ओलाङचुङगोला र याम्फुदिन मिलेर बनेको यो संरक्षण क्षेत्रले अहिले फक्ताङलुङ गाउँपालिकाको वडा नं. ५, ६ र ७ तथा सिरिजङ्घा गाउँपालिकाको ८ नं. वडाका भूभाग समेट्छ । यस क्षेत्रमा रेडपान्डा, लुसिफर, वनभेडा, नाउर, घोरललगायत दुर्लभ वन्यजन्तु, पाँचऔंले, सतुवा, सुनपाती, चिराइतोलगायत वनस्पति पनि पाइने स्थानीयहरू बताउँछन् । कञ्चनजंघासहित कुम्भकर्ण, किराँतचुलीलगायतका शिखर आकर्षक छन् ।

बनाएका रहेछन् । तिनलाई पार गर्दै केही अगाडि बढेपछि फेरि घुन्सा तर्नुपर्ने भयो । तर, त्यहाँ पुल रहेनछ । यही भएर अघि आएका दुई पर्यटक विलखबन्धमा परिरहेका देखिन्थे ।

तुइन झुन्डिएको देख्यौं । तुइन बाँधिएको रुखमा तुइन चलाउनेको नाम/नम्बर देखेपछि त्यसमा सम्पर्क गर्दा दुई किशोरसहित एक व्यक्ति आएर तुइन चढाएर तारिदिए, प्रतिव्यक्ति दुई सय रुपैयाँ लिएर । विस्थापित भयो भनेर घोषणा गरिएकामा तुइन चढ्ने कुरा हाम्रा लागि पनि अनौठो भइदियो । तुइन तरेर हामी पुनः उकालो लाग्यौं । घुन्सा खोला तरेर फेरि ठाडो उकालो हिँड्दै गर्दा झमक्क साँझ पऱ्यो । टर्च नै बालेर उकालो चढ्यौं । कञ्चन आकाश र ताराहरूको चम्किएका दृश्य सुन्दर देखिन्थे । करिब ७ बजेतिर हामी अम्जिलेसा पुग्यौं । यो समुद्र सतहदेखि दुई हजार चार सय मिटर उचाइमा छ । त्यहीं वास बस्यौं ।

भोलिपल्ट अम्जिलेसाबाट उकाली-ओराली गर्दै दुई हजार ४०५ मिटर उचाइको थानजिङ पुग्यौं । यसपछि दुई हजार ७२ ९ मिटर उचाइको ग्याब्ला पुगेर चिया खाइओरी डेढ घण्टा हिँडेर फले पुगिसक्दा भोकले अत्याइसकेको थियो । तीन हजार २३२ मिटर उचाइको फलेमा खाना खाइओरी अब घुन्सातिर अघि बढ्यौं । तीन हजार ४३० मिटर उचाइमा रहेको यो पुरानो गाउँ हो । यहाँ करिब दर्जनको संख्यामा होटेल रहेछन् । त्यहाँ पुग्दा दिउँसोको ३ बजिसकेको थियो । यसपछि साढे ३ बजेतिर जंगलैजंगलको बाटो हामी अघि लाग्यौं । अग्ला पहाड, जंगलमा विभिन्न प्रकारका सल्लालगायतका वृक्ष र फेरिन लाग्दा तिनका पातमा चढेका राता, पहेँला रंगले सुन्दरता थपेको थियो ।

घुन्सादेखि अघि बढेका हामी खम्बाचेनमा वास बस्ने सोचमा थियौं । बिचमा झमक्कै साँझ पऱ्यो । मोबाइलको टर्चको उज्यालोमा यात्रा अघि बढायौं । करिब चार हजार एक सय मिटरको उचाइको खम्बाचेन पुग्दा करिब साढे सात बजिसकेको थियो ।

त्यस रात खम्बाचेनमा बास बस्यौं । सम्म परेको यो क्षेत्रमा आधा दर्जनभन्दा बढी होटेल छन् । होटेलहरूमा पर्यटकको बसाईं बाक्लो देखिन्थ्यो । तातोपानी पिएर विहानै हामीले फेरि यात्रालाई अघि बढायौं ।

भग्न प्रेमशाला
स्वैरकल्पनाबाट यथार्थको वर्णन



यस्तै कथा पढ्नु छ । सुन्नु छ,' शाहले भनिन्, 'यति गहिराइमा पुगेर यसरी पनि लेख्न सकिने रहेछ भनेर कथासंग्रहले मेरो मथिंगल हल्लायो ।'

आख्यानकार नयनराज पाण्डेले कथासंग्रह यो वर्ष आएका केही उल्लेखनीय कथासंग्रहमध्ये एक भएको बताए । 'कहिले सिद्धान्तको आँखाले हेरेर, कहिले राजनीतिक र सामाजिक विभेदको कसीमा घोटेर कहिले लेखकीय जिम्मेवारी र उसको बैसाखीको झ्यालबाट नियालेर हामीले कथाको फराकिलो संसार, विशाल सतहलाई साह्रै साँघुरो क्षेत्रमा खुम्च्याएछौ भन्ने बोध भयो,' आख्यानकार पाण्डेले भने । संग्रहमा कथाकारले कथावाचनलाई आफ्नो किसिमको पद्धतिको विकास गरेको, जुन नेपाली साहित्यमा खासै प्रयोग नभएको समेत तर्क गरे । उनका अनुसार कथामा आक्रोशलाई पनि उदास भावमा व्यक्त गरिएको छ, त्यो कथाकारको सामर्थ्य हो ।

लेखक गिरीले आफ्नो पहिलो कथासंग्रहमा स्वैरकल्पनालाई हतियार बनाएर यथार्थहरूको वर्णन गरेका छन् । उनका कथामा दैनिक जीवनका सामान्य लाग्ने पात्रहरू भयंकर र खुंखार अवतारमा देखिने गर्छन् । पत्रकारिता पेसामा आबद्ध लेखक गिरीले आफ्ना कथामा वर्तमानदेखि इतिहाससम्मका विकृतिहरूमाथि तीक्ष्ण व्यंग्य पनि गरेका छन् ।

आख्यानकार तथा निबन्धकार नारायण ढकालले गिरीले आफ्ना कथामा सामाजिक, आर्थिक, राजनीतिक, नैतिक सबैखाले संकटलाई विषयवस्तु बनाएको उल्लेख गरेका छन् । गिरीको मुख्य साहित्यिक उपकरण स्वैरकल्पना भए पनि त्यसलाई उडन्ते तवरले प्रयोग नगरिएको ढकालको भनाइ छ ।

गिरीले एन फ्र्यांकको विश्वप्रसिद्ध किताब 'द डायरी अप ए योङ गर्ल'को नेपाली अनुवाद 'एक किशोरीको डायरी' प्रकाशन गरिसकेका छन् । 'भग्न प्रेमशाला'लाई इन्डिगो इन्कले प्रकाशन गरेको हो ।

कथा खोज्दै जाँदा...

नेपाली वृत्तचित्र निर्देशन/निर्माणमा डेढ दशकदेखि सक्रिय छिन्, शान्ता नेपाली । उनी वृत्तचित्रको माध्यमबाट समाजमा ओझेलमा परेका कथा बाहिर ल्याउँछिन् । महिला वृत्तचित्र निर्देशकको रूपमा आफूलाई अब्बल साबित गर्दै उनले हिमाली जीवन, महिला तथा समुदायका पीडा, सपना र संघर्षलाई ल्याइसकेकी छिन् । उनी निर्देशित 'मस्ट डेन्जरस वेज टु स्कुल, 'क्लाइम्बिङ टेम्प्रेजर्स अन टप अफ दि वर्ल्ड', 'ध्ये ड्रिम्स', 'असम्भव केही हुँदैन'जस्ता वृत्तचित्र चर्चित छन् । उनीसँग वृत्तचित्र निर्देशक र निर्माणको सेरोफेरोमा रही ***पवन बराइली****ले गरेको कुराकानीको सम्पादित अंश :*



सिनेमा

● शान्ता नेपाली

कथा खोज्न टाढा गइरहैं, मेरो आफ्नै कथा छुटिरहेको रहेछ

फिल्ममेकर बन्छु भन्ने कहिल्यै सोचेकी थिइनँ । सायद त्यो सपना देख्ने ठाउँमै थिइनँ । किनकि, फिल्ममेकिङ मेरो पहुँचभन्दा बाहिरको कुरा थियो । काठमाडौं आएपछि सुरुमा मैले रेडियो पत्रकारिता गरेँ । त्यसवेला रेडियोमा पाँच-१० मिनेटको रिपोर्ट बनाउनुपर्थ्यो । जसले मलाई काठमाडौंमा टिक्न सहयोग गऱ्यो । तर, त्यसवेला पत्रकारिता गर्न सजिलो थिएन । महिला भएको कारणले गर्नुपर्ने संघर्ष थियो । अर्को, दलित महिला हुनुको संघर्ष छँदै थियो । जसले गर्दा मैले थुप्रै सास्ती खेप्नुपऱ्यो । पत्रकारिता गर्दिनँ जस्तो पनि सोचेँ । त्यसैले पत्रकारिता छाडेर 'एड्भेन्चर'तिर काम गर्न थालेँ ।

सन् २००९ तिर कुरा हो । मैले टेलिभिजन कार्यक्रम 'डेस्टिनेसन नेपाल' उत्पादन गर्न थालेँ । पत्रकारितामा दुई-तीन वर्ष बिताइसकेकी थिएँ । जसले गर्दा केही मान्छेसँग चिनजान भइसकेको थियो । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम निर्माण गरिन्थ्यो । कार्यक्रममा नेपालका नयाँ-नयाँ पर्यटकीय गन्तव्य देखाइन्थ्यो । जुन नेपाल टेलिभिजनबाट प्रसारण हुन्थ्यो । कार्यक्रमको निर्देशक, निर्माता र कार्यक्रम पनि सञ्चालन गर्थेँ । त्यसवेला युट्युब विस्तार भइसकेको थिएन । टेलिभिजनमा त्यस्तो कार्यक्रम आउनु ठुलो कुरा थियो । नयाँ-नयाँ गन्तव्यको डकुमेन्ट्री बनाउनुपर्थ्यो । डकुमेन्ट्रीको सिडी बजारमा समेत बिक्री गरिन्थ्यो ।

डकुमेन्ट्री निर्माणका लागि दुर्गम गाउँमा एक-दुई महिना यात्रामा निस्कनुपर्थ्यो । त्यसवेला यो क्षेत्रमा महिला खासै थिएनन् । १० जनाको टिममा नौ पुरुष हुन्थे । बाँकी एकजना म एक्लो महिला हुन्थेँ । महिलाको रूपमा फिल्डमा काम गर्न निकै गाह्रो कुरा थियो । पुरुषहरू भिडमा एक्लो महिला देख्दा समाजले अर्कै दृष्टिकोण हेर्थ्यो । तर, मैले आफूलाई दृढ रूपमा अघि बढाइरहेँ । आफूलाई कहिल्यै कमजोर ठानिनँ ।

मेरो टेलिभिजनमा शान्ता नेपाली भनेर नाम चिनिन थाल्यो । सोसियल मिडियामा मेरो नाम देखेपछि दलित समुदायको मान्छेहरूले म्यासेज गर्थे । कतिपयले भन्थे, 'टिभीमा तपाईंलाई देख्दा गर्भ लाग्छ ।' मैले गरेको कामले मान्छेलाई गर्भ लाग्ने रहेछ भन्ने महसुस भयो ।

टिभीमा कार्यक्रम प्रसारण गर्न थालेपछि थप आँट आयो । अब हाम्रो कथा ल्याउनुपर्छ भन्ने लाग्यो । २०१० देखि २०१३ सम्म म यात्राका डकुमेन्ट्रीमै व्यस्त भएँ । मनभित्र फिल्मेकिङ गड्दै थियो । त्यही चाहनाले मलाई अन्ततः फिल्ममेकिङको बाटोमा डोऱ्यायो । त्यसपछि फिल्ममेकिङतिर लागेँ । जुन दिनदेखि म क्यामेरा बोकेर गाउँतिर लागेँ, त्यो दिनदेखि मेरा काम गर्ने शैली बदलियो । मेरो यात्रा धेरै टाढासम्म फैलियो । क्यामेराले मलाई देशका कुनाकाप्चा पुऱ्यायो । त्यहाँ पुग्दा विभिन्न पात्र देखेँ । ती पात्रको भोगाइलाई दृश्यात्मक रूपमा जीवन्त देखाउन सकिन्छ भन्ने लाग्यो ।

त्यसबिच 'कृपा अनप्लग्ड' कार्यक्रम निर्माण गरेँ । त्यसवेला निर्देशन, सम्पादन र छायांकनको ज्ञान बटुलेँ । धेरैले अन्तर्राष्ट्रियस्तरको कामजस्तो भनेर प्रशंसा गरे । यो प्लेटफर्मबाट नयाँ तथा पुराना दर्जनौं कलाकारले प्रस्तुति दिए । त्यसपछि उनी हिमालयन टेलिभिजनबाट प्रसारित हुने रोडिजमा असिस्टेन्ट डाइरेक्टर भएर पनि काम गरेँ ।

■ डरले विभेदको कथा ल्याइनँ

यो यात्रा मेरा लागि सहज थिएन । महिला, अझ दलित समुदायबाट फिल्म बनाउने साहस गर्नु ठुलो कुरा थियो । त्यतिवेला विदेशबाट फिल्म पढेर आएको मान्छेहरूको चर्चा हुन्थ्यो । विदेश गएर पढ्ने अवस्था मेरो थिएन । त्यो मेरो पहुँचभन्दा बाहिरको कुरा थियो । टेलिभिजनको काम गरिरहेको थिएँ ।

हुम्ला, जुम्ला, रोल्पा, रुकुम, गोरखा, लमजुङलगायत धेरै ठाउँ पुगेँ । गाउँका चिया पसल, धारा, चौतारा, मेलापात, स्कुलजस्ता ठाउँमा दलित समुदायलाई विभेद गरेको देख्थेँ । आफू पाहुना भएर गएको गाउँमा विभेद र अपमान देख्दा मन कुँडिन्थ्यो ।

२०११-१२ तिर लमजुङको एउटा गाउँमा पर्यटन प्रवर्द्धन गर्न गएको थिएँ । त्यो गाउँमा दलित बस्ती छुट्टै रहेछ । उनीहरूको धारा बेग्लै थियो । मैले त्यो गाउँको प्रमोसन गरिरहेको थिएँ । त्यो गाउँ भौगोलिक रूपमा सुन्दर थियो । तर, त्यो जातीय विभेदको कुरूपता मैले दृश्यमा देखाउँन सकिनँ । मैले त्यसवेला राम्रो मात्रै देखाउनुपर्ने थियो । त्यो दलित समुदायको अवस्था देखाउन नपाउँदा मलाई ग्लानि भयो ।

लमजुङ मात्रै होइन, अरू गाउँहरूमा पनि आँखैअगाडि विभेद गरेको देखेँ । टिभीमा काम गर्ने भनेपछि गाउँका मान्छेले हामीलाई (टिम) स्वागत गर्थे । कतिपय ठाउँमा गाउँमा पञ्चेबाजा बजाएर स्वागत गरिन्थ्यो । तर, ती पञ्चेबाजा बजाउँने मान्छेलाई अलग्गै खाना दिएको देख्थेँ । म त्यो ठाउँमा पाहुना भएर गएको हुन्थेँ । आफ्नै अगाडि त्यस्तो देख्दा मन कुँडियो ।

कामका दौरान कतिपय गाउँमै राति वास बस्नुपर्थ्यो । त्यतिवेला मलाई जात सोधिन्थ्यो । ती ठाउँ मेरा लागि अपरिचित र नौला ठाउँ थिए । तर, त्यहाँ 'नानी कुन थरीको हो ?' भनेर सोधिन्थ्यो । कसैले मेरो थर नसोधिदिए हुन्थ्यो जस्तो लाग्थ्यो । कहिलेकाहीं त मौन बहिष्कार गर्थेँ । कतिपय ठाउँमा साथीले नै ढाटिदिन्थे । यो कुरा म पहिले खासै खुलाउँदिनथेँ । डर लाग्थ्यो, हेपिन्छु कि भन्ने । मलाई कहिल्यै आफ्नो जात ढाँट्न मन लाग्दैनथ्यो । कतिपय परिस्थितिमा ढाँट्नुपर्ने अवस्था सिर्जना भयो । जातको बारेमा जुधेर बस्नुभन्दा आफ्नो काम गर्छु भन्ने लाग्यो । जातको भारी बोकेर दुर्गम गाउँमा महिलाका कथा खोजिरहेँ । उनीहरूको भोगाइलाई दृश्यमा देखाउने कोसिस गरिरहेँ ।

> हाम्रो कथा हामीले मात्रै भन्नुपर्छ भन्ने होइन । सबैले भन्नुपर्छ । जुन समुदाय वर्षौंदेखि समाजको पिँधमा छ, त्यो समुदायको कथा ल्याउन एकपटक सोच्नुपर्छ । त्यो समुदायले कसरी स्विकार्छ ? यो बुझ्नुपर्छ ।

हुन त मेरा लागि विभेद नौलो थिएन । धरानमा म आफैंले विभेद भोगिसकेको थिएँ । सानैदेखि हामीलाई ठुलो जातको घरभित्र छिर्नु हुँदैन भनेर सिकाइयो । धरानमा मेरो घरवरिपरि राई र क्षेत्री समुदायका घर थिए । उनीहरूको घरमा म जाँदिनथेँ । धरानमा विभेद थियो भने अरू ठाउँहरू नहुने कुरै भएन ।

म कथा खोज्न टाढा गइरहेँ । तर, मेरो आफ्नै कथा छुटिरहेको रहेछ । आफैंले दलित भएकै कारण काठमाडौंका थुप्रै ठाउँमा कोठा पाइनँ । मैले पाउँदिनँ भने अरू सामान्य मान्छेका लागि झन् के होला ? त्यसपछि जातका कारणले काठमाडौंमा कोठा नपाउनेबारे वृत्तचित्र निर्माण गरेँ । हामीले जुनसुकै क्षेत्रमा जातको कारण संघर्ष गर्नुपर्छ । कतिपय ठाउँमा जात ढाँटेर पनि बाँच्नुपर्ने अवस्था छ । यो समाजमा हामीलाई बाँच्नै कठिन छ ।

यात्राका क्रममा मैले नेपाली समाजलाई झन् गहिरो गरी बुझेँ । मैले भोगौलिक अवस्था मात्र होइन, त्यहाँका सामाजिक अवस्था पनि बुझेँ । जसले मलाई धेरै कुरा सिकायो । जात व्यवस्थाले दलितहरूलाई कसरी उठ्न नसक्ने बनाएको रहेछ भन्ने कुरा बुझेँ ।


दलितहरू एकातिर वर्षौंदेखि समानता र न्यायका लागि संघर्षरत छन् । उनीहरू सामाजिक, आर्थिक अवस्थाले गर्दा पछाडि छन् । यस्तै विभेदमा बाँचिरहेका दलितहरूको जिन्दगी अभाव र गरिबीमा पिल्सिएको देखेँ । आज पनि उनीहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । मेरो दिमागमा उभिएर बोल्न नसकेका दृश्य आइरहन्थे । मैले मेरो समुदायको कथा भन्न बाँकी छ । म टेलिभिजन कार्यक्रम 'जातको प्रश्न' निर्माणमा लागेँ । मैले निर्देशन गरेको टेलिभिजन कार्यक्रम 'जातको प्रश्न' लोकप्रिय भयो ।

■ विभेदलाई सामान्यीकरण गरियो

दलितका कथा अरू समुदायका फिल्ममेकरले ल्याएका छन् । उनीहरूले जसरी हामीलाई फिल्ममा देखाएका छन्, त्यो हाम्रो जस्तो लाग्दैन । त्यस्तो खालको अनुभव र भोगाइ नै छैन । उनीहरूले कल्पना मात्रै गरेर लेखेको कुरा कसरी सही कुरा आउँछ ? हाम्रो कथा हामीले मात्रै भन्नुपर्छ भन्ने होइन । सबैले भन्नुपर्छ । तर, यस्तो संवेदनशील विषयलाई सिनेमा भन्दा सही छु कि छैन भनेर सोच्नुपर्छ । जुन समुदाय वर्षौंदेखि समाजको पिँधमा छ, त्यो समुदायको कथा ल्याउन एकपटक सोच्नुपर्छ । त्यो समुदायले कसरी स्विकार्छ ? यो बुझ्नुपर्छ । कथा भन्दै गर्दा स्वीकार गर्न सक्ने गरी भन्नुपर्छ । तर, अहिले सहानुभूतिका लागि मात्रै कथा ल्याइन्छ ।

फिल्ममा विभेदको शब्दलाई सामान्यीकरण गरिन्छ । 'बाहुन' भन्नु र 'कामी' भन्नु बराबर हो भनेजसरी फिल्ममा संवाद राखिन्छ । कतिपय फिल्ममेकरले कामी, सार्की, दमाईं विभेदका शब्द हो भनेर बुझेका छैनन् । तर, बाहुन प्रिभिलेज शब्द हो भनेर बुझेका छैनन् । उनीहरूलाई 'कामी' भन्ने शब्द सामान्य लाग्छ । त्यो शब्द कसरी आयो ? भनेर खोजिँदैन । यसरी भनिएका कथा हाम्रो कसरी हुन्छ ?

भ्क्याप्पै



रवि मिश्र
@rabimishra



पहिचानभित्र लुकेको पीडा

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकारको यात्रामा अन्तरसम्बन्धित पहिचानका चुनौती

लैंगिकता



● टीकाराम भुसाल
अधिकारकर्मी

विश्वमा नेपाल लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि निकै नै प्रगतिशील देशका रूपमा चिनिन्छ। ०६४ सालमा सर्वोच्च अदालतले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकारलाई मान्यता दिएको ऐतिहासिक फैसला, ०७२ को संविधानमा लैंगिक पहिचानका आधारमा नागरिकता, समानता र सामाजिक न्यायको हक क्रमशः धारा १२, १८ र ४२ मा उल्लेख गरी समावेशी प्रावधान लागू गरिनु, नागरिकता तथा पासपोर्टमा अन्य लिंगीको विकल्प, सर्वोच्च अदालतको वैवाहिक समानताको सम्बन्धमा अस्थायी रूपमा विवाह दर्तासम्बन्धी अन्तरिम आदेश तथा एक पारलैंगिक महिलाको लैंगिक पहिचान महिला कायम हुनेजस्ता प्रगतिशील आदेशले गर्दा नेपाललाई एसियामै लैंगिक तथा यौनिक अल्पसंख्यकमैत्री राष्ट्रका रूपमा प्रस्तुत गरेका छन्। तर, अदालतका आदेश तथा संविधानमा उल्लेख गरिएका हक-अधिकारको कार्यान्वयन अभावले गर्दा थुप्रै लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको वास्तविक जीवन भने अझै संघर्षपूर्ण र पीडादायी नै छ।

हामीले लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिले सामाजिक न्यायका निम्ति संघर्ष गरिरहँदा अन्तरसम्बन्धित (इन्टरसेक्सनल) पहिचानका कारण सामना गर्नुपरेका चुनौती र सरकार, दातृ निकाय, समाज र मिडियाको भूमिकाबारे चर्चा गर्न खोजेका छौं।

नेपालमा सन् २००१ बाट लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको पक्षमा औपचारिक रूपमा आन्दोलनको सुरुवात भएको मानिन्छ। निल हिरा समाजको स्थापना, सडक प्रदर्शन तथा नेपाल गौरव यात्रा, कानुनी लडाइँ र मिडिया क्याम्पियनजस्ता अभियानले यस समुदायको आवाजलाई बुलन्द पारेको हो भन्ने अहिलेको सेरोफेरो तथा इतिहासबाट प्रस्ट हुन्छ। जब ०६४ सालमा 'ब्लु डायमन्ड सोसाइटी'विरुद्ध नेपाल सरकारको मुद्दामा सर्वोच्च अदालतले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको पक्षमा ऐतिहासिक फैसला जारी गऱ्यो, तब यस समुदायका लागि अधिकार र समानताको दिशामा नयाँ युगको सुरुवात भएको थियो। त्यो समयमा अदालतले तेस्रोलिंगीलाई लैंगिक पहिचानको मान्यता दिँदै यस समुदायको अधिकार सुनिश्चित गर्न तथा समलिंगी विवाहको मान्यतासम्बन्धी अध्ययनका निम्ति एउटा अध्ययन समिति गठन गर्न आदेश दिँदै ऐतिहासिक फैसला जारी गरेको थियो। त्यस्तै १२ असार ०८० मा सर्वोच्च अदालतले लैंगिक तथा यौनिक अल्पसंख्यकको अस्थायी विवाह दर्ता गर्न सरकारको नाममा अन्तरिम आदेश जारी गऱ्यो, जसले विवाह गर्न पाउने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकारको संरक्षण सुनिश्चित गऱ्यो।

यस्तै सन् २०२३ मै पारलैंगिक महिलाको लैंगिक पहिचान महिला नै हुने व्यहोराको एक ऐतिहासिक फैसला जारी भएसँगै नेपालमा पारलैंगिक अधिकारको क्षेत्रमा एउटा इतिहास रचिएको थियो। लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको पक्षमा अहिलेसम्म विभिन्न सातवटा फैसला जारी गर्दै शान्तिपूर्ण आन्दोलनलाई थप सशक्त बनाउन सर्वोच्च अदालतले महत्त्वपूर्ण र सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ। यसैगरी, पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रममा बृहत यौनिकता शिक्षालाई समावेश गरी यस समुदायको लैंगिक तथा यौनिक पहिचान र विविधताबारे विद्यार्थीलाई बुझाउने र सिकाउने कामले पनि सकारात्मक परिवर्तन ल्याएको पाइन्छ।

यसरी हेर्दा नेपालमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको क्षेत्रमा आमूल परिवर्तन आई समुदाय विकासको मूल प्रवाहमा आएकोजस्तो देखिन्छ, तर ग्रामीण भेगमा बस्ने पारलैंगिक महिला, सहरी क्षेत्रमा डेरा गरी बसेर भाडाका निम्ति संघर्ष गरिरहेका गैर-द्वयसांखिक व्यक्ति वा विद्यालयमा अध्ययनरत दुर्व्यवहारको सिकार हुने समयौनिक किशोरी, यी सबैको दैनिक भोगाइले वास्तविकतामा यस समुदायको अवस्था ठ्याक्कै विपरीत छ भन्ने देखाउँछ। त्यस्तै आममानिसमा यो समुदायप्रतिको दृष्टिकोण र चेतनाको स्तर पनि निकै दयनीय पाइन्छ। जसलाई बुझ्न अन्त कतै टाढा जानु पर्दैन, सामाजिक सञ्जालमा यस समुदायसँग सम्बन्धित कुनै भाइरल कन्टेन्टमा विभिन्न व्यक्तिले लेखेका नकारात्मक कमेन्ट पढे पुग्छ। यसैगरी, संविधानको धारा १८ अन्तर्गत समानताको हक प्रदान गरिए पनि कानुनी रूपमा वैवाहिक समानताको अधिकार प्रदान गरिएको छैन। समाज र परिवारमा रहेको अस्वीकार्यता तथा बहिष्कार, लाञ्छना र भेदभाव तथा हिंसा, नागरिकता प्राप्तिमा देखिने जटिलता तथा रोजगारी र स्वास्थ्य सेवामा हुने विभेदजस्ता समस्याले संवैधानिक रूपमा केही राम्रो स्थानीयदेखि वास्तविक रूपमा समाजमा अपेक्षित परिवर्तन आएको छैन भन्ने प्रस्ट देखाउँछ।

■ पहिचान र चुनौती

कुनै व्यक्तिको पहिचानसँग सम्बन्धित विभिन्न सामाजिक, सांस्कृतिक र आर्थिक पक्ष, जस्तै- जात, धर्म, वर्ग, लैंगिकता, यौनिकता, अपांगता, र आर्थिक अवस्था एक-अर्कासँग मिसिएर यी पक्षले विभेद, बहिष्कार वा विशेषाधिकार निर्माण गर्ने अवस्थालाई इन्टरसेक्सनालिटीको रूपमा लिन सकिन्छ। लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायमा यौन अभिमुखीकरण तथा लैंगिक पहिचानको अत्यन्त धेरै विविधता पाइन्छ। तर, समुदायभित्र रहेका फरक-फरक पहिचानका तहले व्यक्तिगत जीवन तथा अनुभवलाई अझ जटिल र चुनौतीपूर्ण बनाएका छन्। जात, धर्म, अपांगता तथा आर्थिक अवस्थाजस्ता सामाजिक संरचनाले कुनै व्यक्तिले कस्तो प्रकारको विभेद, हिंसा, वा अवसरको सामना गर्छ भन्ने कुरामा गहिरो प्रभाव पार्छन्। यसले कुनै व्यक्तिको लैंगिक तथा यौनिक पहिचानका अलावा समाजमा व्याप्त अन्य संरचनात्मक असमानाताले पनि मानिसको जीवनमा गहिरो असर पर्ने गर्छ भन्ने प्रस्ट



> जब पहिचानका विभिन्न तह एक-आपसमा मिसिन्छन्, तब विभेदको बोझ दोहोरो, तेहेरो वा अझ गहिरो रूपमा प्रकट हुन्छ। यही नै हो इन्टरसेक्सनल पहिचानभित्र लुकेको एक पीडादायी यथार्थ।

हुन्छ। उदाहरणका लागि, कुनै ग्रामीण क्षेत्रमा बस्ने एचआइभी संक्रमित दलित पारलैंगिक महिलाले केवल आफ्नो लैंगिक पहिचानकै कारण मात्र होइन, जातीय पृष्ठभूमि, भौगोलिक अवस्थिति तथा एचआइभीको अवस्थाका कारण पनि बहुपक्षीय लाञ्छना, भेदभाव र हिंसाको सामना गर्नुपर्ने बाध्यता छ। त्यस्तै अपांगता भएका लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिले समुदायभित्रै अवसर प्राप्त गर्न संघर्ष गर्नुपर्ने अवस्था त विद्यमान छ नै, त्यसअतिरिक्त उनीहरूले आफ्नो लैंगिक तथा यौनिक पहिचानसँगै अपांगताको कारण स्वास्थ्य, शिक्षा र रोजगारीमा पनि विभेदको सामना गर्नुपर्छ। सामाजिक रूपमा अलग पाहिचानले लाज र लाञ्छनाको डर तथा कलंकको मानसिक दबाबका कारण परिवारले उनीहरूलाई घरभित्रै सीमित राख्ने अवस्था पनि व्यापक देखिन्छ।

यसैगरी, एचआइभी संक्रमित लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्ति पनि दोहोरो लाञ्छना र भेदभाव भोग्न बाध्य छन्। यौनिकता, लैंगिक पहिचान र स्वास्थ्य अवस्थाको अन्तरसम्बन्धले उनीहरूलाई परिवार, समाज, र स्वास्थ्य संस्थामा समेत गोपनीयता उल्लंघन, नकारात्मक दृष्टिकोण, कलंक र विभिन्न किसिमका हिंसाको सिकार बनाएको छ। स्वास्थ्य सेवा प्राप्त गर्ने क्रममा नै सेवा प्रदायकबाट अपमानजनक व्यवहार र पूर्वाग्रही दृष्टिकोणले स्वास्थ्य उपचारको अधिकारलाई कमजोर बनाउँछ। यसरी जब पहिचानका विभिन्न तह एक-आपसमा मिसिन्छन्, तब विभेदको बोझ दोहोरो, तेहेरो, वा अझ गहिरो रूपमा प्रकट हुन्छ। यही नै हो इन्टरसेक्सनल पहिचानभित्र लुकेको एक पीडादायी यथार्थ। जसलाई अझै राज्यका नीति, कार्यक्रम तथा सेवा प्रणालीले पर्याप्त रूपमा सम्बोधन गर्न सकेका छैनन्।

■ सरकार र समाजको भूमिका

वर्तमान परिस्थितिमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अन्तरसम्बन्धित पहिचानलाई सम्मान गर्दै उनीहरूलाई विकासको मूल प्रवाहमा समावेश गर्नु राज्यको संवैधानिक र नैतिक दायित्व हो। यसका लागि देशमा प्रचलित सम्पूर्ण नीति तथा कानुनी संरचनामा विद्यमान विभेदकारी व्यवस्थाको पुनरावलोकन गरी समावेशी कानुनी तथा नीतिगत सुधारमा सरकारको गम्भीर ध्यान केन्द्रित हुनु अत्यावश्यक छ।

विशेषतः मुलुकी देवानी संहिताको दफा ६७ लाई संशोधन गरी विवाहलाई दुई वयस्क व्यक्तिबिचको सहमतिको आधारमा मान्यता दिने व्यवस्था गर्नुपर्छ। त्यस्तै, नागरिकता तथा अन्य कानुनी कागजातमा व्यक्तिले आफ्नो पहिचान स्वतन्त्र रूपमा र सहज तरिकाले उल्लेख गर्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ भने स्थानीय तहसम्म लैंगिक तथा यौनिक अल्पसंख्यकमैत्री नीति र कार्यक्रम लागू गरी जनस्तरमा समावेशिता विस्तार गर्नुपर्ने देखिन्छ।

शैक्षिक प्रणालीमा सुधार गर्दै विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा बृहत यौनिकता शिक्षा अनिवार्य रूपमा समावेश गर्ने र शिक्षक, सुरक्षा निकाय, स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीलाई नियमित रूपमा यौन अभिमुखीकरण, लैंगिक पहिचान तथा यौन विविधतासम्बन्धी तालिम प्रदान गरिनुपर्छ। आर्थिक सशक्तीकरणका लागि लैंगिक तथा यौनिक अल्पसंख्यक लक्षित व्यावसायिक तालिम, सिप विकास र रोजगारी सिर्जना गर्ने कार्यक्रम लागू गरिनुपर्छ भने सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीको अवसरमा विभेदरहित नीति सुनिश्चित गरिनु पनि अत्यावश्यक छ।

यसैगरी, स्वास्थ्य सेवाको सन्दर्भमा एचआइभी, मानसिक स्वास्थ्यलगायत सम्पूर्ण सेवामा भेदभावरहित पहुँचको सुनिश्चितता गर्ने र मानसिक स्वास्थ्यसम्बन्धी नीतिमा सुधार गर्दै निःशुल्क परामर्श, मनोसामाजिक सहयोग र संकट व्यवस्थापन प्रणालीको स्थापना गर्नुपर्ने आवश्यकता देखिन्छ। यति मात्र होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायले अन्तरसम्बन्धित पहिचानलाई प्राथमिकतामा राखी समुदायको नेतृत्वमा आधारित कार्यक्रम सञ्चालन गर्न शिक्षा, रोजगारी, आवास र सामाजिक सुरक्षामा लगानी गर्नुपर्छ भने राज्यको चौथो अंग मिडियाले राज्यलाई निरन्तर सचेत गराउँदै खबरदारी गर्ने, सकारात्मक कथा र वास्तविक जीवनका अनुभव उजागर गर्दै समाजमा जनचेतना फैलाउने कार्य पनि गर्नुपर्छ। पूर्वाग्रही धारणा, हाँसो-ठट्टा वा घृणा फैलाउने सामग्रीलाई पनि मिडियाले निरुत्साहित गर्ने जिम्मेवारी वहन गर्नुपर्छ।

हाम्रो देशले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका अधिकारका क्षेत्रमा ऐतिहासिक उपलब्धि हासिल गरेको भए पनि ती उपलब्धि कागजमा मात्र सीमित रहँदा समुदायका व्यक्तिको दैनिकी अझै पीडादायी छ। लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्ति एउटा पहिचानको आधारमा मात्र होइन, जात, वर्ग, धर्म, अपांगता, स्वास्थ्य अवस्था र आर्थिक स्तरजस्ता अन्य संरचनात्मक पक्षका कारण पनि दोहोरो, तेहेरो विभेदको सिकार हुन्छन् भन्ने कुरा इन्टरसेक्सनालिटीले नै देखाउँछ। विभेदकारी कानुन संशोधन गरी व्यवहारमा उतार्ने, समाजको सोच परिवर्तन गर्ने, तथा राज्य, दातृ निकाय, परिवार र मिडियाले आफ्नो जिम्मेवारी इमानदारिताका साथ निर्वाह गर्ने हो भने मात्र यो समुदायले न्याय, समानता र सम्मानका साथ जीवन निर्वाह गर्न पाउनेछ।

पुँजीवादको राजधानीमा समाजवादी कमान्डर

ममदानीको विचार र सञ्चार क्षमताबाट तानिएर उनको पक्षमा प्रचार गर्न तयार पैदल सेनाको संख्या चुनावको रातसम्ममा एक लाखभन्दा बढी पुगेको थियो। यस विशाल परिचालनलाई केहीले न्युयोर्क सहरको इतिहासकै ठुलो राजनीतिक अभियानको संज्ञा दिएका छन्।

विदेश



● एड पिल्किङ्टन

मंगलबार अमेरिकी राजनीतिमा एकखालको तरंग आयो। देशको सबैभन्दा ठुलो तथा सम्पन्न सहर न्युयोर्क सिटीमा एकजना ३४ वर्षीय युवा, मुस्लिम र समाजवादी बताउने नेताले मेयर निर्वाचन जिते। सन् १९९१ अक्टोबरमा युगान्डामा जन्मिएका जोहरान ममदानी नामका ती नेता गुजराती मुस्लिम पिता र पन्जाबी हिन्दु आमाका सन्तान हुन्। उनी सात वर्षको उमेरमा मात्र अभिभावकसँगै अमेरिकाको न्युयोर्क सरेका थिए।

मेयर पद जित्ने क्रममा ममदानीले डेमोक्र्याटिक पार्टीको आन्तरिक निर्वाचनमा पार्टीका पुराना दिग्गज नेतालाई पछि पारेर उम्मेदवारी हासिल गरे। र, पछि पार्टीको आन्तरिक निर्वाचनमा हारेपछि स्वतन्त्र उम्मेदवारी दिएका न्युयोर्क राज्यका पूर्वगभर्नर एन्ड्रयु क्वोमोलाई पनि हराए। जितसँगै उनले न्युयोर्क सहरको पहिलो मुस्लिम मेयरको इतिहास बनाएका छन्। त्यस्तै, अमेरिकी संस्थापनको आक्रमणको तारो हुने थाहा पाउँदापाउँदै पनि उनले आफ्नो लोकतान्त्रिक समाजवादी विचार लुकाएनन्। आखिर पुँजीवादको राजधानीको कमान्ड यी समाजवादी भनिने नेताले कसरी हासिल गरे ?

यो सफलता उनले न्युयोर्कको गल्ली-गल्ली गएर मतदाताको घरघर पुगेर तिनको ढोका ढकढक्याउने विशाल स्वयंसेवीको बलमा हासिल गरेका थिए। ममदानीको विचार र सञ्चार क्षमताबाट तानिएर उनको पक्षमा प्रचार गर्न तयार पैदल सेनाको संख्या चुनावको रातसम्ममा एक लाखभन्दा बढी पुगेको थियो। यस विशाल परिचालनलाई केहीले न्युयोर्क सहरको इतिहासकै ठुलो राजनीतिक अभियानको संज्ञा दिएका छन्। ममदानीले आफ्नो विजय भाषणमा यो समूहप्रति सम्मान व्यक्त गर्दै यसलाई 'रोक्न नसकिने शक्ति'को संज्ञा दिए। हुन पनि सो समूह अनवरत रूपमा हरेकजसो न्युयोर्कवासीको घरको ढोका ढकढक्याउन पुगेको थियो। जुन, चुनावी सक्रियताबाट प्रेरित भएर यसपटक आधा शताब्दीयताकै ठुलो स्तरमा नगरवासी मतदानमा सहभागी भएका थिए।

ममदानीको जित गत नोभेम्बरमा डोनाल्ड ट्रम्पबाट कमला ह्यारिसको पराजयप्रति विश्वासको संकटबाट गुज्रिरहेको डेमोक्र्याटिक पार्टी निराशामा व्याप्त भएको समयमा आएको छ। यसमा ममदानीले विजयका लागि अपनाएको रणनीतिमाथि अहिले डेमोक्रेटिक पार्टीका रणनीतिकारहरूले नजिकबाट ध्यान दिएको हुनुपर्छ। आखिर उनीहरू पार्टीलाई अहिलेका निराशाको दलदलबाट बाहिर निकाल्ने विकल्पमाथि खोजीमा जो छन्।

नौ महिनाको छोटो समयमा, ममदानी न्युयोर्क राज्यका एक अज्ञात सभासद्बाट न्युयोर्क सहरको मेयर पदमा पुगे। मेयर पदको उम्मेदवारी दिँदा ममदानी मतसर्वेक्षणमा सबैभन्दा पुछारमा थिए। तर, तल्लो तहमा खट्ने स्वतस्फूर्त रूपमा अघि आएका स्वयंसेवीकेन्द्रित चुनावी अभियानले प्रभाव देखायो। यस अभियानमा बेतलबी न्युयोर्कवासीहरू नै ममदानीका प्रगतिशील परिवर्तनको सन्देशका संवाहक बने। ठुलो संख्यामा न्युयोर्कवासी, अझ विशेषतः युवायुवती, विपन्न र श्रमिक वर्गसहित 'सबैले बाँच्न सक्ने सहर' बनाउन सकिने ममदानीको प्रभावकारी सन्देशबाट उत्साहित भएर सहभागी भएका थिए।



ममदानीका सल्लाहकार समूहले सुरुवाती दिनमै किफायती सहर निर्माणको नारालेे मतदातालाई प्रभावित बनाएको महसुस गरेको थियो। यो सहरका नामी अखबरहरूले ठुलो युवा समर्थकहरूको सेना परिचालित गरिरहेको एकजना अपरिचित मेयर उम्मेदवारबारे समाचार छाप्न थाल्नुभन्दा पनि अघिको कुरा हो।

अल्भारो लोपेज डिसेम्बरमा ममदानीको पक्षमा सम्पन्न पहिलो ठुलो प्रचार अभियानअन्तर्गत घरदैलो अन्तर्क्रिया सरिक थिए। लोपेज ममदानी जोडिएको राजनीतिक समूह 'डेमोक्र्याटिक सोसलिस्ट अफ अमेरिका (डिएसए)'को न्युयोर्क शाखाका चुनावी संयोजक हुन्। ममदानीको चुनावी अभियानमा डिएसएस सबैभन्दा बढी खटेको थियो। डिसेम्बरको अभियान डेमोक्रेटिक पार्टीको उम्मेदवार छान्ने प्राथमिक चुनावको लगभग ६ महिनाअघि भएको थियो। त्यतिबेला उनको टिमले ममदानीको चुनावी नारा कत्तिको प्रभावकारी छ भनेर परीक्षण गर्न न्युयोर्कका सात स्थान छनोट गरेका थिए। मुख्यतः घरभाडाको सिमा तोक्ने (रेन्ट फ्रिज) मुद्दालाई डिएसएको प्रभाव रहेको श्रमिकबस्तीको घरघरमा गएर उठाइयो। परीक्षण सफल भए लक्षित समूहमा थप अन्य न्युयोर्कवासीहरूलाई समावेश गर्ने लक्ष्य राखिएको थियो।

लोपेजले त्यो दिन नसोचेको प्रतिक्रिया देखे। उनी एस्टोरिया क्षेत्रको एउटा अपार्टमेन्ट ब्लकमा घरदैलोका क्रममा भेट भएको एकजना महिलासँगको अन्तर्क्रिया सम्झछन्। ती महिला 'रेन्ट फ्रिज'को कुराले यति उत्साहित भइन् कि उनले केही नभई आफ्नो पर्स निकाले केही नगद चन्दा दिइन्। जबकि ती महिला त्यस नीतिले प्रभाव नपर्ने क्षेत्रमा बस्थिन्। लोपेज यस्तो उत्साही प्रतिक्रिया देखेर छक्क परे।

त्यतिवेला ममदानीको समूहले चुनावी अभियानका लागि कोष संकलन च्यानलसमेत स्थापना गरेको थिएन। वरिपरि गएका अन्य समूह सदस्यले पनि लोपेजलाई उस्तै उत्साहप्रद प्रतिक्रिया पाएको जवाफ दिए। उनीहरूलाई पनि मानिसले ५, १०, २० डलरका नोट दान गरेका थिए, जुन त्यतिवेला माग्निएकै थिएन। 'मतदाताहरूले सहर सबै बस्न सक्ने सस्तो हुनुपर्छ भन्ने चुनावी वाचाप्रति धेरै सकारात्मक देखियो,' लोपेजले भने।

त्यो सुरुवात मात्र थियो। छिट्टै ममदानीको चुनावी अभियान विशाल कोष संकलन र भुइँतहमा स्वयंसेवक परिचालन अभियानमा परिणत भयो। उता, त्यही समय ममदानीका प्रतिद्वन्दी क्वोमोको अभियान भने व्यावसायिक स्वार्थ समूहबाट ठुलो रकम चन्दा आकर्षित गर्नमा केन्द्रित थियो। यता, ममदानी भने धेरैबाट ससाना चन्दा रकम संकलनमा लागिरहे। ममदानीको समूहले सन् २०१६ को राष्ट्रपतिको उम्मेदवारीमा भर्मन्टका सिनेटर बर्नी स्यान्डर्सले अपनाएको रणनीति पछ्याएका थिए। स्यान्डर्स ममदानीलगायत अमेरिकाभर लोकतान्त्रिक समाजवादी विचारधाराका प्रेरणासमेत हुन्।

> सन् १९९१ अक्टोबरमा युगान्डामा जन्मिएका जोहरान ममदानी नामका ती नेता गुजराती मुस्लिम पिता र पन्जाबी हिन्दु आमाका सन्तान हुन्।

डिसेम्बरको फिल्ड परीक्षणको ठीक तीन महिना अर्थात् मार्चसम्ममा ममदानीले रेकर्ड थोरै समयमा कानुनले तोकेको खर्च संकलन भएपछि प्राथमिक चुनावका लागि कोष संकलन स्थगित गरे। उनले त्यतिवेलासम्म १८०,००० दाताहरूबाट ८० लाख डलरभन्दा बढी रकम संकलन गरिसकेका थिए। डेमोक्रेटिक पार्टीको उम्मेदवार चुनिएपछि फेरि नोभेम्बर आमचुनावका लागि खोलिएको चन्दा संकलन अभियान अभूतपूर्व छिटो समयमा सेप्टेम्बरमै ८० लाख डलर सिमामा पुग्यो र पुनः संकलन बन्द गरियो।

ममदानीको चुनावी अभियानले केवल कोष संकलनमा मात्र रेकर्ड हासिल नगरी स्वयंसेवी भर्तीमा पनि उस्तै रेकर्ड बनायो। उनको चुनावी अभियान सञ्चालन गर्ने टिमले घरदैलो प्रचार गर्ने 'क्यानभासर' भनिने समूहको सञ्जाल निर्माणका लागि २५० 'फिल्ड लिडर' माग गरेका थिए। तर, फिल्ड लिडरका लागि आह्वान गरिएको एक हप्ताभित्र ५०० जनाभन्दा बढी सम्पर्कमा आए। यही कुरा पछि सामान्य स्वयंसेवकहरूको हकमा पनि दोहोरियो। 'सामान्य स्वयमसेवीको संख्या नसोचेको दरमा बढेपछि हामीले तिनलाई नेतृत्व गर्ने फिल्ड लिडरको संख्यासमेत बढाउँदै लानुपरेको थियो,' लोपेजले भने। ठुला संख्यामा स्वयंसेवा गर्न चाहनेको दरखास्त आफैंमा असामान्य थियो।

*('वियोन्ड द मदर कन्ट्री' पुस्तकसमेत लेखेका एड् पिल्किङ्टन गार्जियनको अमेरिकी खण्डका चिफ रिपोर्टर हुन्। द गार्जियनबाट **श्रवण उप्रेती**को अनुवाद)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २२ कार्तिक ०८२

दसैँअघि अड्किएका पाँच सय कन्टेनर अझै चिनियाँ क्षेत्रमा

तातोपानीपारि लिपिडको मितेरीपुलदेखि खासाको रमितेसम्म एक सय १७ र न्यालमदेखि मिम्बुसम्म थप चार सय कन्टेनर सडकमै



■ सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेत भन्छन्–



चिनियाँ भन्सार अधिकृतले कन्टेनर जाँचपासमा लापरबाही गर्न थाले, व्यापार गर्न गाह्रो भयो

नेपाली व्यवसायीहरू चीनसँग व्यापार गर्न नसक्ने अवस्थामा पुगेका छन् । चिनियाँ पक्षले सामान छाड्दैन । दसैँ, तिहार, जाडो र गर्मी मौसम, विभिन्न विकास निर्माणका सामग्री र उपकरण बोकेका कन्टेनर खासा आइपुगेर पनि महिनौँ कुर्नुपर्छ । तातोपानी नाका लगभग दुई महिना अवरुद्ध हुँदा खासा आएका कन्टेनर मुस्ताङको कोरोला नाका पुऱ्याउनुपऱ्यो । अहिले नेपालपट्टि कुनै समस्या छैन । तर, चिनियाँ पक्षले दैनिक १० देखि १५ गाडीसम्म छाड्छ । हामीले आफ्नो धन खर्चेर सामान ल्याएका हौँ । चिनियाँ पक्षले धेरै अन्याय गऱ्यो । सरकारले कूटनीतिक पहल गर्नुपऱ्यो ।

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

चीन स्वशासित क्षेत्र सिजाङ (तिब्बत)को न्यालम भन्सारले नेपाल निर्यात हुने मालवस्तुको जाँचपासमा गरेको ढिलाइले दसैँअघिदेखि पाँच सय कन्टेनर चिनियाँ क्षेत्रमै रोकिएका छन् ।

फलफूल र रेडिमेड सामग्रीको तुलनामा विद्युतीय सवारीसाधनको जाँचपासलाई प्राथमिकता दिएकाले कन्टेनर न्यालममै रोकिएको ट्रान्सपोर्ट कम्पनीका प्रतिनिधिले जानकारी दिएका छन् ।

२४ असारदेखि रसुवा नाका बन्द भएकाले त्यसको चापसमेत तातोपानी नाकामा परेको छ । तर, पहिरोले कोदारी सडक झन्डै दुई महिना अवरुद्ध भएपछि चाडपर्वलक्षित सामग्री चिनियाँ क्षेत्रमै रोकिएका छन् । केरुङ र न्यालममा अड्किएका झन्डै पाँच सय कन्टेनरमध्ये केही मुस्ताङको कोरोला नाका भएर दसैँअघि भित्रिएका थिए ।

दसैँअघि तातोपानी नाकामा पहिरोले बाधा पुऱ्याएको र जोखिम मोल्नुपर्ने समस्या देखाएर चीनको न्यालम भन्सारले कन्टेनर पठाउन मानेको थिएन । यद्यपि, अहिले मौसम सफा र सडक राम्रो भएको वेलामा पनि चिनियाँ अधिकारीले समयमै जाँचपास गरेर कन्टेनर पठाउन ढिलाइ गरिरहेका छन् । अहिले दैनिक औसत १३-१५ कन्टेनर तातोपानी भन्सार प्रवेश गरिरहेका छन् । 'दसैँअघि र अहिले आयात हुने कन्टेनर संख्या लगभग उस्तै हो,' तातोपानी भन्सारका अधिकृत सन्तोष ज्ञवालीले भने । तातोपानी भन्सारले जाँचपासको व्यवस्थापन र व्यापारीलाई दिने सेवामा कुनै कमी नगरेको उनले बताए । कन्टेनर कम आउनुमा चिनियाँ पक्षकै कमजोरी रहेको उनले जानकारी दिए ।

व्यापारीका अनुसार तातोपानीपारि लिपिडको मितेरीपुलदेखि खासाको रमितेसम्म एक सय १७ कन्टेनर सडकमै लाइन लगाएर राखिएको छ । फलफूल, बच्चाको कपडा, रेडिमेड सामग्री, विद्युतीय उपकरण र जाडो मौसमका लागि न्यानो कपडा बोकेका ४० फिट लामा यी कन्टेनर दसैँअघि नै खासा आइपुगेका थिए । त्यसैगरी, न्यालमदेखि मिम्बुसम्म थप चार सय कन्टेनर रोकिएका छन् ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका महासचिव ईश्वर गुभाजूले खासा र ल्हासाको बिचमा एक हजार कन्टेनर दसैँदेखि अड्किएको बताए । 'दसैँ, तिहार, जाडो, गर्मी र विभिन्न परियोजनाका उपकरणजन्य सामग्री समयमै नआइपुग्दा व्यापारी र ट्रान्सपोर्ट कम्पनीहरूले घाटा व्यहोर्नुपरेको छ,' उनले भने, 'हामीले नेपाल-चीन दुवैतिर सरकारको ध्यानाकर्षण गराएका हौँ, तर सुनुवाइ भएको छैन ।'

फलफूल आयात-निर्यातका लागि विश्वभरका भन्सार कार्यालयले ग्रिन च्यानल प्रयोग गर्छन् । यसको अर्थ कन्टेनरका सामान खोलेर परीक्षण नगरी व्यापारीले पेस गरेको कागजात र स्वयं घोषणालाई आधार मानेर भन्सार क्लियरेन्स हुने व्यवस्था हो । ग्रिन वर्गमा रहेका वस्तुको जाँचपास पनि छिटो गरिदिनुपर्ने अन्तर्राष्ट्रिय अभ्यास छ, तर चिनियाँ अधिकारीहरूले फलफूल बोकेका कन्टेनर जाँचपासमा ढिलाइ गरेर दुःख दिएको व्यवसायीको आरोप छ ।

खुम्चियो वाणिज्य बैंकको नाफा

गिर्दो कर्जा प्रवाह र बढ्दो निष्क्रिय कर्जाका कारण नाफा प्रभावित

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमासमा २० वाणिज्य बैंकको नाफा खुम्चिएको छ । गत आव ०८१/८२ को पहिलो त्रैमासमा १६ अर्ब १८ करोड नाफा आर्जन गरेका वाणिज्य बैंकले यो वर्ष सोही अवधिमा १३ अर्ब १४ करोड मुनाफा गरेका हुन् । २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनको असर वाणिज्य बैंकहरूको वित्तीय विवरणमा देखिएको हो ।

चालू आवमा वाणिज्य बैंकहरूको खुद नाफा अघिल्लोको तुलनामा १८.७८ प्रतिशतले खुम्चिएको छ । सिटिजन्स बैंक भने २२ करोड चार लाख ११ हजार रुपैयाँ नोक्सानीमा देखिएको छ । समीक्षा अवधिमा ग्लोबल आइएमई, एभरेष्ट, राष्ट्रिय वाणिज्य, सानिमा र एनआइसी एसिया बैंकले नाफा बढाएका छन् । अन्य बैंक नाफामा रहे पनि अघिल्लो वर्षको तुलनामा घटेको छ ।

नेपाल बैंकर्स संघका अध्यक्ष तथा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले जेन-जी आन्दोलनको असरका कारण नाफा प्रभावित भएको बताए । यस्तै, यसपालि चाडपर्वका कारण ऋण असुली कम हुँदा पनि नाफा प्रभावित भएको उनको भनाइ छ ।

'जेन-जी आन्दोलनका क्रममा व्यावसायिक संघ-संस्थामाथि तोडफोड तथा आक्रमण भयो । त्यसले गर्दा व्यापार-व्यवसाय प्रभावित भयो । आपूर्ति शृंखला नै प्रभावित भयो । व्यापार-व्यवसाय नै नभएपछि ऋणको साँवा तथा ब्याजको किस्ता असुली हुन सकेन,' उनले भने, 'यसपालि असोज मसान्तकै वरिपरि दसैँ-तिहार पर्व थियो । त्यसले गर्दा पनि त्रैमासको अन्तिममा ऋण असुली प्रभावित भयो । ब्याज असुली नभएपछि आम्दानी स्वतः प्रभावित भयो । साथै, असुली नभएको ऋणमा प्रोभिजनिङ राख्नुपऱ्यो । त्यसले नाफा घटायो ।'


मुलुकको पछिल्लो परिस्थितिका कारण ऋणीहरूले ऋण तिर्न स्थगन गर्ने घटना पनि बढेको उनले जानकारी दिए । 'मंसिरदेखि फेरि आन्दोलन हुने भनिएको छ । मुलुक अन्योलतामा गएजस्तो देखिएको छ । त्यसले गर्दा कतिपय ऋणीले आफ्नो व्यक्तिगत आर्थिक सुरक्षाका लागि ऋणको किस्ता तिर्न स्थगित गरेको जस्तो पनि देखिन्छ । व्यक्तिगत, साना तथा मझौला व्यवसायलगायतका ऋणीले किस्ता तिर्न स्थगित गरेका छन्,' उनले भने, 'आगामी त्रैमासमा नाफामा सुधार आउने अपेक्षा छ । तर, मुलुकको राजनीतिक अवस्था कस्तो हुन्छ भन्ने कुरामा पनि निर्भर रहन्छ ।'

बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले पनि बैंकहरू केही समय 'पर्ख र हेर'को अवस्थामा बस्नुपर्ने बताए । 'जेन-जी आन्दोलनको असर बैंकहरूको वित्तीय विवरणमा देखिएको छ । मुलुकको पछिल्लो परिस्थितिका कारण बैंकहरूमा वित्तीय विवरणमा कहिले, कसरी सुधार आउँछ भनेर अहिले नै अनुमान गर्न सकिने अवस्था छैन,' उनले भने, 'अहिले मुलुकमा अन्योलता नै छ । चुनावसम्म बैंकहरू पर्ख र हेरको अवस्थामा बस्नुपर्छ । चुनावपछि बन्ने सरकारले कस्तो नीति लिन्छ, त्यहीअनुसार नीति लिनुपर्छ होला । यद्यपि, बैंकिङ क्षेत्र राम्रो हुन पहिला अर्थतन्त्र नै बलियो हुनुपर्छ । तसर्थ, अर्थतन्त्र चलायमान बनाउनतर्फ जोड दिनुपर्छ ।'

■ पहिलो त्रैमासिकको वित्तीय विवरण



ऋण असुली प्रभावित हुँदा नाफामा असर पऱ्यो



● **सन्तोष कोइराला**, अध्यक्ष, बैंकर्स संघ

जेन-जी आन्दोलनका क्रममा व्यावसायिक संघ-संस्थामाथि तोडफोड तथा आक्रमण भयो । त्यसले गर्दा व्यापार-व्यवसाय प्रभावित भयो । आपूर्ति शृंखला नै प्रभावित भयो । व्यवसाय नै नभएपछि ऋणको साँवा तथा ब्याजको किस्ता असुली हुन सकेन । यसपालि असोज मसान्तकै वरिपरि दसैँ-तिहार पर्व थियो । त्यसले गर्दा पनि त्रैमासको अन्तिममा ऋण असुली प्रभावित भयो ।

बैंकहरू 'पर्ख र हेर'को अवस्थामा हुनुपर्छ



● **भुवन दाहाल**, पूर्वअध्यक्ष, बैंकर्स संघ

अहिले मुलुकमा अन्योलता नै छ । चुनावसम्म बैंकहरू पर्ख र हेरको अवस्थामा बस्नुपर्छ । चुनावपछि बन्ने सरकारले कस्तो नीति लिन्छ, त्यहीअनुसार नीति लिनुपर्छ होला । यद्यपि, बैंकिङ क्षेत्र राम्रो हुन पहिला अर्थतन्त्र नै बलियो हुनुपर्छ । तसर्थ, अर्थतन्त्र चलायमान बनाउनतर्फ जोड दिनुपर्छ ।

■ निष्क्रिय कर्जा पनि बढ्यो

पहिलो त्रैमासमा बैंकहरूको निष्क्रिय कर्जा अनुपात पनि बढेको छ । २० बैंकको औसत निष्क्रिय कर्जा गत आवको असोज मसान्तसम्म ४.०३% र गत असार मसान्तसम्म ४.२२% थियो । चालू आवको असोज मसान्तसम्म आउँदा थप बढेर ४.८५% पुगेको हो । ऋण असुली नभएपछि निष्क्रिय कर्जा बढेको संघका अध्यक्ष सन्तोष कोइरालाले बताए । 'जेन-जी आन्दोलनका कारण ऋण असुली भएन । त्यसले गर्दा निष्क्रिय कर्जा अनुपात पनि बढेको छ,' उनले बताए । निष्क्रिय कर्जा अनुपात थोरै हुनु राम्रो हो । तर, पछिल्लो समय यो बढ्दै गएको छ । हिमालयन बैंकको निष्क्रिय कर्जा अनुपात सबैभन्दा धेरै देखिएको छ । उक्त बैंकको निष्क्रिय कर्जा अनुपात ७.३९% छ । धेरै निष्क्रिय कर्जा हुनेमा एनआइसी बैंक दोस्रो स्थानमा देखिएको छ । उक्त बैंकमा ६.९९% निष्क्रिय कर्जा छ । यसैगरी, तेस्रो स्थानमा रहेको कुमारी बैंकमा ६.९८% निष्क्रिय कर्जा छ । सबैभन्दा कम निष्क्रिय कर्जा अनुपात एभरेष्ट बैंकमा ०.७४% रहेको छ । यस्तै, स्ट्यान्डर्ड चार्टर्ड बैंकमा १.७१% र नेपाल एसबिआईमा ३.०१% निष्क्रिय कर्जा अनुपात छ ।

चन्द्रागिरि केबलकार तथा रिसोर्ट पुनः सञ्चालनमा



काठमाडौं/ चन्द्रागिरि केबलकार तथा रिसोर्ट शनिबार बिहानदेखि पुनः सञ्चालनमा आउने भएको छ । चन्द्रागिरि हिल्सको सेवा ६० दिनअघि अस्थायी रूपमा बन्द भएको थियो ।

केबलकार सेवा पुनः सुचारु भएपछि भालेश्वर महादेव मन्दिर दर्शन गर्न भक्तजनलाई सहज हुनेछ भने पर्यटकले रिसोर्टको आतिथ्य तथा अन्य सेवा प्राप्त गर्न सक्नेछन् ।

२३ भदौको जेन-जी आन्दोलनका क्रममा तोडफोडका कारण केबलकार बटम स्टेसनमा पूर्ण रूपमा क्षति पुगेपछि चन्द्रागिरि केबलकार तथा रिसोर्टको सेवा अवरुद्ध भएको थियो । त्यसयता चन्द्रागिरि हिल्सले केबलकार निर्माता कम्पनी अस्ट्रियाको डोपलमेयरका उच्च प्राविधिक बोलाई आवश्यक मर्मत, सुरक्षा परीक्षण तथा थप निरीक्षणका कार्य पूरा गरी यात्रुका लागि सुरक्षित र सहज सेवा सुनिश्चित गर्दै पुनः सञ्चालनमा ल्याएको हो ।



मध्यपहाडी लोकमार्गले सास्ती दिएपछि स्थानीय आक्रोशित

बागलुङमा **नारायण रिजाल**

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको बागलुङ-बिहुँ खण्ड समयमै निर्माण सम्पन्न गर्न निर्माण कम्पनीले आलटाल गरेको भन्दै स्थानीयले आक्रोश पोखेका छन् । बागलुङका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई स्थानीयले लामो समयदेखि निर्माणाधीन लोकमार्ग पटक-पटक म्याद थप्ने, ठेक्का तोडेर नयाँ ठेकेदारसँग सम्झौता गर्ने, तर निर्माणले गति लिन नसक्ने समस्या रहेको भन्दै ध्यानाकर्षण पत्र बुझाएका छन् ।



बागलुङका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई ज्ञापनपत्र बुझाउँदै स्थानीय ।

प्रजिअ गुरुङलाई बुझाएको ज्ञापनपत्रमा मध्यपहाडी लोकमार्गको बागलुङ-घोडाबाँधे सडकखण्ड विगत ३० वर्षयता अत्यन्तै जोखिमपूर्ण यात्राको मार्ग बन्दै आएको र पटक-पटक निर्माण व्यवसायीको म्याद थप गरे पनि काम नसकिएको उल्लेख छ । काठेखोला गाउँपालिका- ५ र ६ बिहुँवासीको तर्फबाट वडाध्यक्ष ज्ञामनाथ कँडेल र बृहस्पति कँडेलको नेतृत्वमा गएको टोलीले निर्माण व्यवसायीको लापरबाहीबारे जानकारी गराएका थिए ।

'यस खण्डको बजेट निकासा लिने, तर अन्यन्त्र काम गर्ने निर्माण व्यवसायीको स्वभावले हाम्रो क्षेत्रमा सडकको काम हुन नसकेको हो,' ज्ञापनपत्रमा भनिएको छ । मध्यपहाडी लोकमार्ग पर्वत शाखा कार्यालयको जानकारीअनुसार हालसम्म बयलडाँडा घोडाबाँधे खण्डमा भौतिक प्रगति १२-१५ प्रतिशत मात्र रहेको र ०८१ असारमा सम्झौता गरी ०८३ असारमा सम्पन्न गर्ने गरी नयाँ ठेक्का सम्झौता भएको छ । तर, नयाँ ठेक्का सम्झौता गरेको रिजाल तामाङ भगवती जेभीले अहिलेकै गतिमा काम गर्दा आठ वर्षमा पनि निर्माण नसकिने भन्दै स्थानीयले प्रजिअको ध्यानाकर्षण गराएका छन् ।

प्रजिअको अध्यक्षतामा सम्बन्धित क्षेत्रका जनप्रतिनिधि, स्थानीय, मध्यपहाडी लोकमार्गका इन्जिनियर सम्मिलित अनुगमन समिति बनाएर कामलाई तीव्रता दिनुपर्ने, मासिक रूपमा कामको प्रगति समीक्षा गर्नुपर्ने, वरिपरिका घरहरूमा धुलोले बस्न नसक्ने भएको हुँदा सडकमा दैनिक पानी छर्ने व्यवस्था गर्नुपर्ने माग पूरा नभए १ मंसिरबाट सो सडकखण्ड बन्द गराउने चेतावनीसमेत स्थानीयले दिएका छन् ।

नयाँ ठेक्का सम्झौतापछि पनि कामले गति नलिएपछि आन्दोलनको तयारी थालिएको काठेखोला- ५ का वडाध्यक्ष ज्ञामनाथ कँडेलले बताए । 'पहिलेकै ठेकेदारले समयमै काम गरोस् भनेर स्थानीयले पैसासमेत दिएका थिए, तर उसले काम गरेन र ठेक्का तोडियो । अहिले नयाँ आएको ठेकेदारको पनि चाला उस्तै छ,' उनले भने, 'यसले गर्दा गाउँमा स्थानीय एकदमै आक्रोशित छन् ।'

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर, काठमाडौंको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मितिः २०८२।०७।२२

बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम बागमती प्रदेश सरकारबाट दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड (३३३१।०६७।६८) किर्तिपुरलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने जिम्मा सोही ऐनको दफा ८२ अनुसार गठित यस समिति समक्ष लेखी आएकोले दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका बचतकर्ताहरुको बचत रकम फिर्ता गर्ने प्रयोजनार्थ यस सहकारीको नाममा रहेको तपशिलमा उल्लेखित घर जग्गा मूल्याङ्कन समितिले तय गरेको न्यूनतम मूल्यमा नघटने गरी तपशिलमा उल्लेखित शर्तको अधीनमा रही ३५ (पैंतीस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलवन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस समितिको कर्यालयको Website: www.coopmc.bagamati.gov.np मा गई हेर्न सक्नु हुनेछ । ***साथै दुई वा दुई भन्दा बढी घर जग्गाको लागि बोलपत्र पेश गर्दा प्रत्येक घर जग्गाको लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नुपर्ने छ ।***

(क) **लिलाम बिक्री हुने सम्पत्ति र मूल्यः**

क.स	जग्गा धनीको नाम थर	ठेगाना	जग्गाको कित्ता नं र क्षेत्रफल (वर्ग मि.)	घरको कुल क्षेत्रफल (वर्ग फिट)	न्युनतम मूल्य
१	दिनेश दर्शनधारी	किर्तिपुर-५, काठमाडौं	कित्ता नं ३१२ क्षेत्रफल : ३४३.१५	३१६४.२५	घर र जग्गा सहित कुल न्युनतम मूल्य रु ६,७८,०३,०००/-
२	निर्मल बुद्धभुमी बचत तथा ऋण सहकारी संस्था लि.	किर्तिपुर-१६, काठमाडौं	कित्ता नं ३१९ र ३१७ क्षेत्रफल : १३२.२७	३६२१	घर र जग्गा सहित कुल न्युनतम मूल्य रु ३,९६,५२,०००/-
३	आयुषा दर्शनधारी, जेनु महर्जन, यशोधा राई	सुर्यविनायक-१, सिरुटार भक्तपुर	कित्ता नं ६९३ क्षेत्रफल : १५२६.२२	घर नभएको	कुल जग्गाको न्युनतम मूल्य रु ५,७६,००,०००/-
४	आयुषा दर्शनधारी	सुर्यविनायक-१, दधिकोट भक्तपुर	कित्ता नं ३३० क्षेत्रफल : ८९०.२२	घर नभएको	कुल जग्गाको न्युनतम मूल्य रु ५,६०,००,०००/-

(ख) **शर्तहरुः**

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।
२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु २०००।- बुझाइ समितिको कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
३. यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन कर्यालय खुल्ने समय ४:०० बजेसम्म बोलपत्र पेश गरी सक्नु पर्नेछ । यसरी पेश भएको बोलपत्रहरु भोलिपल्ट २:०० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा खोलिने छ। तर बोलपत्रवाला वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधापर्नेछैन ।
४. शिलबन्दी बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिला गरेपछि त्यसमा कुनै किसिको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुन पर्नेछ ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वंय उपस्थित हुन पर्नेछ ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १०% (दश) प्रतिशत रकम राष्ट्रिय बाणिज्य बैंक पुतली सडक शाखामा रहेको बैंक **खातावालको नाम समस्याग्रस्त सहकारी व्यवस्थापन समिति (०१), बैंक खाता नं.** ११३०१०००४६७२००१ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा सयुक्त उपक्रममार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
९. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार २२ कात्तिक ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ दोस्रो नेपाल प्रिमियर लिग- २०८२

६ विदेशी खेलाडीसँगै काठमाडौंको टोली पूर्ण

एनपिएलमा सहभागीमध्ये १८ खेलाडी समावेश गर्ने काठमाडौं पहिलो टोली बनेको छ। रिटेन, अक्सन, विदेशी र ट्यालेन्ट हन्टबाट गरी काठमाडौंले सबै खेलाडी पूरा गरेको हो।

नयाँ पत्रिका

दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टोली काठमाडौं गोर्खाजले ६ जना विदेशी खेलाडी भित्र्याएको छ। सहभागीमध्ये पूरै १८ जना खेलाडी समावेश गर्ने काठमाडौं पहिलो टोली बनेको छ। रिटेन, अक्सन, विदेशी र ट्यालेन्ट हन्टबाट गरी काठमाडौंले १८ खेलाडी पूरा गरेको छ। काठमाडौंले अन्तिम विदेशी खेलाडीका रूपमा शुक्रबार भारतीय क्रिकेटर सन्नी पटेललाई अनुबन्ध गरेको छ। ट्यालेन्ट हन्टबाट फास्ट बलर नटराजन शाह टोलीमा समावेश भइसकेका छन्।

नेपाली पुरुष राष्ट्रिय क्रिकेटका पूर्वमुख्य प्रशिक्षक मोन्टी देसाईको प्रशिक्षणमा रहेको काठमाडौंले मार्की खेलाडी करण केसीसहित ६ खेलाडी रिटेन गरेको छ। अक्सनबाट महँगा खेलाडीका रूपमा मोहम्मद आदिल आलम अन्सारीसहित पाँच खेलाडी काठमाडौंमा भित्रिए। १ देखि २७ मंसिरसम्म त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा दोस्रो एनपिएल हुनेछ।



सन्नी पटेल

यस्ता छन् ६ विदेशी खेलाडी

अनुभवी प्रशिक्षक देसाईले दोस्रो सिजनमा काठमाडौंलाई सन्तुलित बनाएका छन्। उनले यसपटक ब्याट्समान्यान र अलराउन्डरलाई प्राथमिकतामा राखेका छन्। काठमाडौंले ओपनिङ र मध्यक्रम बलियो बनाउन विदेशी खेलाडीलाई भित्र्याएको छ। इंग्लिस विकेटकिपर जोन सिम्पसन र दक्षिण अफ्रिकी विकेटकिपर ब्याट्समान्यान रिकार्डो भासक्नसेलोसले सम्भवतः ओपनिङ गर्न सक्छन्।

मध्यक्रममा नामिबियाका अनुभवी खेलाडी एरासमस, बेन चार्ल्सवर्थ, अमेरिकन अलराउन्डर मिलिन्द कुमार र भारतीय सन्नी पटेल अनुबन्ध गरेको छ। गत सिजनमा एरासमसले काठमाडौंका सात खेलमा एक सय १० रन बनाउनुका साथै ११ विकेट लिएका थिए। एरासमस, मिलिन्द र पटेल स्पिनर भूमिकामा देखिनेछन्। विदेशी स्पिनरलाई घरेलु खेलाडी शाहब आलम र दीपेश कँडेलले साथ दिनेछन्। फास्ट बलरको जिम्मेवारी स्वयं कप्तान करण र रासिद खानले सम्हाल्नेछन्।

पहिलो सिजनमा रनरेटमा चुकेको काठमाडौं

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा भएको पहिलो संस्करणमा काठमाडौंको प्रदर्शन त्यति नराम्रो भने थिएन। थोरै रनरेटले चुक्दा काठमाडौं प्ले अफ दौडबाट बाहिरिएको थियो। काठमाडौं, चितवन राइनोज र कर्णाली याक्सले समान आठ रन बनाएका थिए। तर, रनरेटका आधारमा चितवन र कर्णाली प्लेअफमा पुग्दा काठमाडौं समूह चरणबाटै बाहिरियो। पहिलो सिजनको कमजोरी सच्याएको काठमाडौंले यसपटक ओपनिङ तथा मध्यक्रमको ब्याटिङ बलियो बनाएको छ। विदेशी खेलाडीमध्ये काउन्टी क्रिकेट खेलेका माथि उसले बढी विश्वास गरेको छ।

काठमाडौंमा डिपिएल र पिपिएलका विजेता सन्नी

नेपाली क्रिकेटमा निकै लोकप्रिय अलराउन्डर सन्नी पटेलले दोस्रो एनपिएल खेल्ने भएका छन्। काठमाडौंले पटेललाई छैटौं तथा अन्तिम विदेशी खेलाडीका रूपमा अनुबन्धन गरेको छ। पटेल नेपालको फ्रेन्चाइज क्रिकेटमा निकै लोकप्रिय क्रिकेटर हुन्। उनले २०१९ मा सिवाइसी अत्तरियाबाट तेस्रो धनगढी प्रिमियर लिग (डिपिएल) र चितवन राइनोजबाट दोस्रो पोखरा प्रिमियर लिग खेलेका थिए। यी दुवै लिगमा उनी विजेता बने। डिपिएलमा उनी महेन्द्रनगर युनाइटेडविरुद्ध प्लेयर अफ द फाइनल र प्लेयर अफ द सिरिजमा चुनिएका थिए।

भारतको गुजरातबाट रणजी ट्रफी खेलेका ३८ वर्षीय पटेल पछिल्लो समय अमेरिकाबाट खेल्दै आएका छन्। अक्टोबरमा उनले एटलान्टा फायरलाई माइनर लिग क्रिकेटको उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। यस लिगमा उनले १० खेलमा १६ विकेट लिएका थिए। 'पटेल एटलान्टा फायरको एक महत्त्वपूर्ण हिस्सा रहेका थिए। मैले उनको खेल प्रत्यक्ष हेर्दै आएको छु, उनले आफ्नो खेलमा उत्साह, संयमता र परिपक्वता ल्याएका छन्,' काठमाडौंका प्रशिक्षक देसाईले भने, 'उनी बल र ब्याट दुवैमा उच्च योगदान दिन सक्छन्।

मेजर लिग क्रिकेटमा खेलेको उनको अनुभव हामीलाई अमूल्य बन्न सक्छ।' पटेलले गत जुन-जुलाईमा भएको अमेरिकाको मेजर लिग क्रिकेटमा एमआई न्युयोर्कको प्रतिनिधित्व गर्दै ६ खेल खेलेका थिए।

ट्रफी सुदूरपश्चिम पुग्यो

सुदूरपश्चिम रोयल्सले कैलालीको टीकापुरबाट शुक्रबार एनपिएलको ट्रफी यात्रा सुरु गरेको छ। नगरपालिकाका प्रमुख रामलाल डगौरा थारू र नेपाल



क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले संयुक्त रूपमा यात्राको सुरुवात गरेका हुन्। यात्रामा सुदूरपश्चिमका खेलाडी विनोद भण्डारी, नरेन साउद, इसान पाण्डेयलगायत सहभागी छन्। मार्की तथा कप्तान दीपेन्द्रसिंह ऐरीको कप्तानीमा टोली मैदानमा उत्रिनेछ।

लुम्बिनीका मुख्य प्रशिक्षकमा योहान्नान

लुम्बिनी लायन्सले दोस्रो सिजनका लागि भारतका टिनु योहान्नानलाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ। योहान्नानले सन् २०२० देखि २०२३ सम्म केरला क्रिकेट टिमको मुख्य प्रशिक्षकका रूपमा काम गरेका थिए। उनले भारतका लागि तीन टेस्ट र एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलेका छन्। दुवै विधामा उनले समान पाँच विकेट लिएका थिए। ४६ वर्षीय योहान्नानसँग रणजी ट्रफीमा विभिन्न टोलीलाई प्रशिक्षक दिएको अनुभव छ। उनको प्रशिक्षणमा केरला विजय हजारे ट्रफीमा दुईपटक क्वार्टरफाइनल पुगेको थियो।

यस्तै, पछिल्लोपटक सन् २०२४-२५ सिजनमा उनले आन्ध्र क्रिकेट टिमको मुख्य प्रशिक्षकको भूमिकामा थिए। भारतीय राष्ट्रिय टोलीका पूर्वफास्ट बलरसमेत रहेका योहान्नानले सन् २००१ मा इंग्ल्यान्डविरुद्ध टेस्ट र सन् २००२ मा वेस्ट इन्डिजविरुद्ध एकदिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गरेका थिए। नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेल लुम्बिनी एनपिएलमा सहभागिता जनाउँदै छन्। विदेशी खेलाडीमा अस्ट्रेलियन ब्याट्समान्यान डार्सी सर्ट र इटालीका बलर थोमस ड्राकालाई अनुबन्ध गरिसकेको छ।

कर्णालीको जितमा प्रदेशले एक लाख पाउने

कर्णाली याक्स स्पोर्टस् प्रालिले दोस्रो एनपिएलमा हरेक खेल जित्दा कर्णाली प्रदेश क्रिकेट संघलाई एक लाख रुपैयाँ दिने घोषणा गरेको छ। सहप्रायोजक एसियन पेन्ट्सले कर्णालीलाई यो रकम उपलब्ध गराउनेछ। कर्णालीका कन्सल्ट्यान्ट प्रशिक्षक राजु बस्नेतले टोलीको प्रत्येक जितमा एसियस पेन्ट्सले एक लाख रुपैयाँ कर्णालीको क्रिकेटको विकासका लागि उपलब्ध गराउने घोषणा सुर्खेतमा गरेका थिए। बिहीबार मात्र कर्णाली प्रदेशका विभिन्न सहर, धार्मिकस्थल तथा पर्यटकीय क्षेत्रमा कर्णालीले ट्रफी यात्रा सम्पन्न गरेको थियो। सल्यानको कुपिन्डे ताल र खलंगा बजार, सुर्खेतको काँक्रेविहारसँगै वीरेन्द्रनगरमा एनपिएलको ट्रफी परिक्रमा गराइएको थियो।

खेलाडीले दिए एन्फालाई सात दिनको अल्टिमेटम

बिहीबारदेखि सडक आन्दोलनमा उत्रिएका फुटबलरले एक साताभित्र 'ए' डिभिजन लिगको निर्णय गर्न एन्फा र १४ क्लबलाई चेतावनी दिएका छन्

नयाँ पत्रिका

तीन वर्षसम्म सहिद स्मारक 'ए' डिभिजन लिग आयोजना गर्न नसकेको अखिल नेपाल फुटबल संघ (एन्फा)लाई लिग आयोजना सुनिश्चित गर्न सात दिनको अल्टिमेटम दिएको छ। १७ कात्तिकमा एन्फा र १४ क्लबबिचको सहमतिपछि 'ए' डिभिजनको सट्टा राष्ट्रिय लिगको तयारीमा लागेपछि राष्ट्रिय तथा पूर्वराष्ट्रिय खेलाडीहरू सडक आन्दोलनमा छन्। उनीहरूले शुक्रबार एन्फालाई क्लबहरूसँग यथाशीघ्र वार्ता गरी 'ए' डिभिजन लिगको मिति तोक्नसमेत दबाब दिएका छन्।

'एक साताभित्र गत वैशाखमा धुलिखेलमा भएको एन्फाकै साधारणसभाले तोकेको मितिमा लिग गर्नेबारे आफ्नो धारणा प्रस्तुत गर्नुको विकल्प छैन,' संघका अध्यक्ष विक्रम लामाले भने, 'हामीले दिएको अल्टिमेटमको एक दिन समाप्त भइसकेको छ। अब ६ दिन मात्र बाँकी रहेको छ। हामी एन्फा नेतृत्वलाई पुनः एकपटक आग्रह गर्न चाहन्छौं, चाँडोभन्दा चाँडो क्लब र एन्फाबिच समन्वय गरेर लिगको तयारी थालियोस्।'

एन्फाले राष्ट्रिय लिगपछि मात्र अर्को वर्षको पुसमा 'ए' डिभिजन लिगको तयारी गरेको छ। यसका लागि एन्फाले क्लबहरूसँगको छलफलमा 'रोड म्याप'समेत बनाइसकेको छ। तर, फुटबलको मेरुदण्ड मानिने शीर्ष डिभिजन लिगबाहेक अरू विकल्प नभएको अध्यक्ष लामा मान्छन्। 'संसारभरि शीर्ष डिभिजन लिग नै फुटबलको मेरुदण्ड मानिएको छ। यो चार वर्षभित्र एकपटक मात्र लिग भयो। यसले खेलाडीको भविष्य झनै अँध्यारोतर्फ धकेलिरहेको छ।'

उनले आगामी पुसमै साधारणसभाले तोकेको मितिमा आफूहरू खेल्न तयारी भएको बताए। 'खेलाडीहरू लिग खेल्न तयार छन्, तर क्लब र एन्फा भने तयार देखिएननू,' लामाले भने, 'यो ६ दिनभित्र पनि केही निर्णय नआए हामी थप कडा सडक आन्दोलन गर्छौं।' यसैबिच लामाले सडक आन्दोलनमा खेलाडी, प्रशिक्षक, रेफ्री, फुटबल सरोकारवाला र समर्थकलाई सहयोग गर्न आग्रह गरेका छन्।

एनएनआइपिएको ऐक्यबद्धता

लिग खेल्न पाऊँ भनेर सडक आन्दोलन सुरु गरेका खेलाडीलाई नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआइपिए)ले पनि ऐक्यबद्धता जनाएको छ। 'सबै डिभिजनका लिग डेढ वर्षदेखि रोकिँदा खेलाडी बेरोजगार बन्नुपरेको छ। खेलाडीहरूको माग न्यायोचित छ,' संघका अध्यक्ष दीपक श्रेष्ठले भने, 'बिहीबार एन्फामा खेलाडीले गरेको धर्ना प्रदर्शनमा नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघको ऐक्यबद्धता रहेको छ।' खेलाडी खेल्नका लागि नै सडकमा उत्रनुपर्ने अवस्था आउनु खेल जगत्कै लज्जाको विषय भएको श्रेष्ठले बताए। उनले एन्फा नेतृत्वले गम्भीर भएर सोच्नुपर्ने र समस्या समाधानका लागि पहल गर्न आवश्यक रहेको बताए।

सुरु भयो प्रशिक्षण

एन्फाको मुख्यालयमा बिहीबार मात्रै दुई घण्टा धर्ना दिएका राष्ट्रिय फुटबल टोलीका खेलाडीले शुक्रबारबाट दशरथ रंगशालामा अभ्यास गरेका छन्। एन्फाले बंगलादेश र मलेसियासँगको खेलका लागि खेलाडीलाई बिहीबारै तीन बजे एन्फा मुख्यालयको मैदानमा अभ्यास गर्न बोलाएको थियो। तर, धर्नापछि पहिलो दिनको अभ्यास नै रोकियो। टोलीका मुख्य प्रशिक्षक हरि खड्काले खेलाडीलाई प्रशिक्षण दिएका छन्। रोहित चन्द, एरिक विष्ट, सनिश श्रेष्ठ, टिकेन्द्र थापा, आदित्य शाक्य, सन्तोष खत्री, अञ्जन विष्ट प्रशिक्षणमा सामेल भएका छन्। नेपालले एएफसी एसिया कप छनोटअघि बंगलादेशसँग ढाकामा मैत्रीपूर्ण खेल खेल्दै छ। त्यसपछि नेपालले मलेसियामा मलेसियासँग नै खेल्ने रहेको छ।

अफगानिस्तानविरुद्ध १७ रनले चुक्यो नेपाल



हङकङमा शुक्रबारदेखि सुरु भएको हङकङ सिक्सेजअन्तर्गत समूह 'ए' नेपाल अफगानिस्तानसँग १७ रनले पराजित भएको छ। पहिलो ब्याटिङ गरेको अफगानिस्तानले पाँच विकेट गुमाएर एक सय १२ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले पूरै ६ ओभरमा दुई विकेट गुमाएर ९.५ रन बनाउँदा १७ रनले पराजित भयो। नेपालको ब्याटिङमा कप्तान सन्दीप जोराले १४ बलमा आठ छक्का र एक चौका प्रहार गरी सर्वाधिक ५४ रनको योगदान दिए। उनी खेलमा रिटायर्ड हट भए। यसअघि रासिदले अफगानिस्तानका चार विकेट लिँदा ह्याट्रिक गरेका थिए। नेपालले शनिबार दक्षिण अफ्रिकाविरुद्ध खेल्नेछ। दक्षिण अफ्रिकालाई हराउँदा नेपाल क्वार्टरफाइनलमा पुग्नेछ।

■ झापा महिला गोल्डकप

विभागीय टोलीको दबदबा

झापामा **चिरञ्जीवी घिमिरे**

नेपाली महिला फुटबलमा विभागीय टोलीकै दबदबा छ। राष्ट्रिय टोलीमा विभागीय टोली एपिएफ एफसी, नेपाल पुलिस र त्रिभुवन आर्मीले वर्चस्व राख्दै आएको छ। राष्ट्रिय महिला लिगमा होस् या अन्य प्रतियोगितामा, उनीहरूले उपाधि जित्दै आएका छन्। छिटपुट रूपमा कहिलेकाहीं अन्य टोलीले उपाधि जितेको छ। झापामा चलिरहेको महिला गोल्डकपमा पनि विभागीय टोलीकै वर्चस्व देखिएको छ। अहिले विभागीय टोलीले नै कब्जा गर्ने लगभग निश्चित भएको छ।

प्रतियोगिताको शुक्रबार भएको पहिलो सेमिफाइनलमा पुलिसले संकटा क्लबमाथि २-० को जित निकाली फाइनल स्थान पक्का गरेको छ। संकटाको हारसँगै फाइनलमा दुई विभागीय टोली पुग्ने निश्चित बनेको हो। शनिबार एपिएफले आर्मीको सामना गर्नेछ। यो खेलको विजेताले पुलिसविरुद्ध प्रतिस्पर्धा गर्नेछ। पुनः एकपटक महिला फुटबलको उपाधि भिडन्त विभागीयबिच हुने भएको हो। फाइनलमा विभागीय डर्बी नै हुने पुलिस क्लबका प्रशिक्षक भोला सिलवाल बताउँछन्।

झापामा विभागीयबाहेकका अन्य पाँच टोली कमजोर देखिए। तुलनात्मक रूपमा राष्ट्रिय महिला टोलीको उमेर समूह र केही सिनियर राष्ट्रिय महिला टोलीका सदस्य समावेश गरेर बनाएको संकटा दर्बिलो देखियो। तर, शुक्रबार दुधे रंगशालामा संकटा पुलिससँग २-० ले पराजित हुन पुग्यो। पुलिसको जितमा राष्ट्रिय महिला टोलीमा भर्खर मात्र डेब्यु गरेकी मिना देउवा र स्टार स्ट्राइकर रेखा पौडेलले समान एक गोल गरे। पहिलो हाफ बराबरी खेलेको संकटाले दोस्रो हाफमा पुलिसको आक्रामक खेललाई विफल बनाउन नसक्दा



सेमिफाइनलबाट नै बाहिरन पुग्यो।

खेलको ६९औं मिनेटमा पुलिसका लागि मिना देउवाले पहिलो गोल गरिन्। ३७ यार्ड टाढाबाट पुलिसकी डिफेन्डर पूजा रानाले प्रहार गरेको फ्रिकिकमा मिनाले हेडिङ गोल गरिन्।

संकटालाई जित्न निकै गाह्रो भयो

भोला सिलवाल, प्रशिक्षक, पुलिस

संकटासँग जित निकाल्न निकै गाह्रो भयो। उमेर समूहका प्रायः राष्ट्रिय खेलाडी थिए। राम्रो टिमसँग खेल हुँदा स्कोर जहिले पनि यस्तै कम नै हुन्छ। मैले अनुभवी खेलाडी निरू थापालाई मैदान प्रवेश गराएँ। हामीमाथि पनि दबाब आएपछि मिडफिल्ड खाली देखेकाले निरूलाई पठाएकी हुँ। त्यसपछि तालमेल मिलेजस्तो भयो। तर, संकटाविरुद्धको खेल त्यति सहज थिएन। फाइनलमा हामी आक्रामक खेल नै खेल्छौं।

पुलिसलाई चुनौती दियौं

रवीन्द्र सिलाकार, प्रशिक्षक, संकटा

पुलिससँगको खेलमा हामी रणनीतिक र प्राविधिक रूपमा अगाडि नै थियौं। पहिलो हाफसम्म हामीले पुलिसलाई दबाबमा राखी चुनौती दियौं। तर, फिनिसिङ नहुँदा समस्या भयो। हामीसँग युवा स्ट्राइकर भए पनि अनुभवको कमी छ। विपक्षीको डिफेन्स अनुभवी थियो। राष्ट्रिय टिमको डिफेन्स समालेको डिफेन्स थियो। यो खेल जुनियर भर्सेस सिनियर राष्ट्रिय टोलीको जस्तो थियो। जसमा जुनियरलाई सिनियरसँग खेल्न त गाह्रो नै हुन्छ।

देउराली युथ क्लबको पहिलो जित

मकवानपुर/ सुरुवाती अग्रता रक्षा गर्न नसक्दा बर्दियाको जनजागृति युवा क्लब प्रेसिडेन्ट कप फुटबल प्रतियोगितामा शुक्रबार धनकुटाको देउराली युथ क्लबसँग ३-१ गोलअन्तरले पराजित भएको छ। प्रेसिडेन्ट कपमा देउरालीले पहिलो जित निकालेको हो। जनजागृतिका शम्भु थारूले खेलको पहिलो मिनेटमै गोल गर्दै अग्रता दिलाएका थिए। देउरालीका मिलन लिम्बूले खेलको १४औं र ४४औं मिनेटमा गोल गर्दै टोलीलाई २-१ को अग्रता दिलाए। खेलको ८९औं मिनेटमा उज्ज्वल राईले देउरालीको जित ३-१ ले सुनिश्चित पारे। देउराली आफ्नो पहिलो खेलमा चित्लाङ एफसी (काठमाडौं)सँग ४-१ ले हारेको थियो।

दोस्रो खेलमा चित्लाङ एफसी (काठमाडौं) र विजय स्पोर्टस् क्लब (कैलाली)बिच १-१ को बराबरी भयो। विजयका एरोन थापाले ४६औं मिनेटमा गोल गरे। चित्लाङका विज्ञान खड्काले ७२औं मिनेटमा बराबरी गोल फर्काए। प्रतियोगितामा विजय स्पोर्टस्ले दुवै खेल बराबरी खेलेको हो। यसअघि बुधबार लालीगुराँस एसोसिएसन क्लब (कास्की)सँग गोलरहित बराबरी खेल्दै स्पोर्टस्ले अंक बाँडेको थियो।

कम नकआउट आधारमा सञ्चालन भइरहेको प्रतियोगितामा १० टोली सहभागी छन्। प्रतियोगिता आगामी २ मंसिरसम्म रहनेछ। विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ।

भेसवाकर राष्ट्रिय जर्सीमा अन्तिमपटक देखिँदै

उमेर समूहदेखि सिनियरसम्म दुई दशक योगदान दिएका शरद भेसवाकरले हङकङ सिक्सेजलाई आफ्नो अन्तिम अन्तर्राष्ट्रिय खेलका रूपमा लिएका छन्

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

मध्यक्रमका भेट्टान ब्याट्समान्यान शरद भेसवाकरको कप्तानीमा नेपालको क्रिकेट टोलीले हङकङमा शुक्रबारदेखि सुरु भएको हङकङ सिक्सेजमा प्रतिस्पर्धा गरिरहेको छ। प्रतियोगिताको शुक्रबार भएको पहिलो खेलमा नेपाल अफगानिस्तानसँग १७ रनले पराजित भयो। अफगानिस्तानविरुद्धको खेलमा शरदले प्रतिस्पर्धा गरेनन्। उनले सन्दीप जोरालाई कप्तानीको जिम्मेवारी दिएका थिए। नेपाल क्रिकेट संघ (क्यान)ले उनलाई यसै प्रतियोगितामा कप्तानीको जिम्मेवारीसँगै सन्न्यास लिने अवसर दिएको छ।

सन् २०२२ देखि शरद राष्ट्रिय टोलीमा छैनन्। उमेर समूहदेखि सिनियरसमम दुई दशक योगदान दिएका शरदले हङकङ सिक्सेजलाई आफ्नो अन्तिम अन्तर्राष्ट्रिय खेल मानेका छन्। उनले हङकङमा आफूलाई लक्की मानेका छन्। 'क्यानले मलाई सन्न्यास लिने राम्रो प्लाटफर्म बनाएको छ। नेपालबाट धेरै खेलैं। यहाँ नै राष्ट्रिय टोलीबाट खेल्ने अन्तिम मौका हो,' अफगानिस्तानसँगको खेलपछि शरदले भने, 'यसपछि आधिकारिक रूपमा राष्ट्रिय टोलीबाट मेरो यात्रा समाप्त हुनेछ।'

नेपालले सन् २०१४ मा पहिलोपटक आइसिसी टी-२० विश्वकप खेल्दा वा सन् २०१८ मा नेदरल्यान्ड्ससँगको पहिलो एकदिवसीय सिरिज खेल्दा शरद एक सारथीका रूपमा रहे। अझ बंगलादेशमा नेपालले टी-२० विश्वकपमा डेब्यु गर्नुअघि छनोट खेलमा उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। युएईविरुद्धको निर्णायक खेलमा उनले बाउन्ड्री लगाउँदै नेपाललाई पहिलोपटक आइसिसी टी-२० विश्वकपमा पुऱ्याएका थिए।

नेपाली टोलीबाट सबै सफलता चुमेका शरदको एउटा सपना भने कहिल्यै पूरा हुनेछैन। उनले एक समय भनेका थिए, 'मेरो चाहना एकपटक त्रिवि क्रिकेट मैदानमा फ्लड लाइटमा प्रतिस्पर्धा गर्नु हो।' यसपटक क्यानले एनपिएल फ्लड लाइटमा गर्ने योजना बनाएको छ। एनपिएलको माध्यमबाट पनि उनको यो चाहना यसपटक पूरा हुनेछैन। दोस्रो एनपिएलको अक्सनमा उनी बिकेनन्। 'क्रिकेट करिअर समाप्त गर्नुअघि त्रिवि मैदानमा डे-नाइट खेल्ने इच्छा छ,' दुई वर्षअघि उनले भनेका थिए।

४ एकदिवसीय र २० टी-२० आई खेल

सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध शरदले एकदिवसीय खेलमा डेब्यु गरेका थिए। उनले चार खेलमा अवसर पाउँदा ६६ रन बनाए। उनले अन्तिमपटक नेपालबाट २०२१ मा ओमानविरुद्ध खेलेका थिए। नेपाली टोलीका सर्वाधिक अनुभवी म्याच फिनिसर ब्याट्समान्यान सनरले सन् २०१४ मा हङकङविरुद्ध टी-२० आईमा डेब्यु गरे। सन् २०२२ मा उनले आयरल्यान्डविरुद्ध अन्तिमपटक टी-२० आईमा प्रतिस्पर्धा गरे। नेपालले खेलको पहिलो विश्वकपमा उनको भूमिका फिनिसर थियो। टी-२० आईमा उनले १९ इनिङ्समा ब्याटिङ गर्दै तीन सय २५ रन बनाएका छन्। यस फर्म्याटमा उनले २६ चौका र सात छक्का प्रहार गरेका छन्। एकदिवसीय खेलमा उनले एकपटक अर्धशतकीय इनिङ्स खेले। यसैगरी पाँचवटा पहिलो श्रेणीमा उनले एक सय ८९ रन बनाए। लिस्ट 'ए'मा शरदले २९ खेलबाट एक हजार ३७ रन जोड्दा आठ अर्धशतक बनाएका छन्। उनले समग्रमा टी-२० फर्म्याटमा ६ सय १५ रन बनाउन ४३ खेल खेले।

सन् २००२ मा यू-१५ टोलीमा

भारतमा भएको विश्वकप क्रिकेट प्रतियोगिताबाट क्रिकेटप्रति लगाब बनाएका शरदले सन् २००२ मा नेपालको यू-१५ टोलीमा पहिलोपटक स्थान बनाएका थिए। उनले नेपालबाट प्रतिनिधित्व गर्दै आइसिसी यू-१९ विश्वकप पनि खेलेका थिए। राष्ट्रिय टोलीमा कुनै समय भरपर्दा ब्याट्समान्यान पहिचान बनाएका उनको प्रदर्शन उचारचढाव भइरह्यो। उनी भारतका सचित तेन्दुलकरलाई आफ्नो आइकोनिक खेलाडी मान्छन्।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com